# प्रभाव दैनिक
National Daily

वर्ष १० अंक ३४१ काठमाडौं मंगलबार, २७ चैत २०८० Prabhab National Daily Tuesday, April 9, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


कोशी किचलो

## हुँदै नभएको व्यवस्थामा कार्कीको अड्डी



मुख्यमन्त्री केदार कार्कीसमक्ष सोमबार राजीनामा बुझाउँदै माओवादी केन्द्रका मन्त्रीहरू।

- संविधानअनुसार आफू दुई वर्ष मुख्यमन्त्री रहने कार्कीको दाबी
- माओवादीका तीन मन्त्रीले दिए राजीनामा
- एमाले र माओवादीद्वारा सरकारलाई दिएको समर्थन फिर्ता
- एमालेको नेतृत्वमा सरकार बनाउने गठबन्धनको तयारी
- प्रदेशसभाको विशेष अधिवेशन बोलाउन माग

**प्रभाव संवाददाता**

**काठमाडौं–** पछिल्लो निर्वाचन भएको १६ महिनामै पाँचवटा सरकार गठन भएर 'रेकर्ड' नै कायम गरेको कोशी प्रदेशमा अर्को किचलो सुरु भएको छ। अहिलेका मुख्यमन्त्री केदार कार्की संविधानअनुसार आफ्नो सरकार दुई वर्षसम्म स्थायी भएको दाबी गर्दा संघीय सत्ता गठबन्धन पक्षका नेकपा एमाले र माओवादी केन्द्रले तत्कालै सरकार परिवर्तन गर्नुपर्ने बताइरहेका छन्।

कोशीमा पनि संघीय गठबन्धनकै सरकार बनाउनुपर्ने दाबीसहित माओवादीका तीन मन्त्रीले सोमबार राजीनामा बुझाएका छन्। राजीनामा दिनेमा खानेपानी, सिँचाइ तथा ऊर्जामन्त्री नारायण बुर्जा मगर, सामाजिक विकासमन्त्री राजेन्द्र कुमार राई र पर्यटन, वन तथा वातावरणमन्त्री गणेश उप्रेती रहेका छन्। यो सँगै माओवादीले सरकारलाई दिएको समर्थन पनि फिर्ता लिएको माओवादीका प्रदेश सांसद राजन किरातीले बताए।

एमालेको नेतृत्वमा सरकार बनाउने गठबन्धनको तयारी रहेको उनले बताए। 'यहाँ एमाले सबैभन्दा ठूलो दल हो। त्यसैले एमालेको नेतृत्वमा सरकार बनाउने तयारी गरेको छ,' किरातीले भने। यही योजनाअनुसार कार्कीलाई दिएको समर्थन एमालेले पनि फिर्ता लिएको छ।

### विशेष महाधिवेशनको माग

माओवादी केन्द्रका तीन मन्त्रीले राजीनामा बुझाएलगत्तै दुई दलका सांसदले विशेष अधिवेशनको मागसहित प्रदेश प्रमुख पर्शुराम खापुङसमक्ष निवेदन दिएका छन्।

(क्रमशः पृष्ठ २ मा)

कांग्रेस–सत्तापक्षको आ–आफ्नै अडान

# सहमति जुटाउने सभामुख घिमिरेको प्रयास व्यर्थ

**जेबी योञ्जन**

**काठमाडौं–** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको माग सम्बोधन नगरी सत्तापक्ष पेलेरै अघि बढ्ने भएको छ। सहकारी ठगी प्रकरणमा उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने जोडिएपछि छानबिन गर्न संसदीय समिति गठनको माग कांग्रेसले हप्तौंदेखि गरिरहे पनि सत्तापक्ष त्यसमा सहमत देखिएको छैन। बरू, छानबिन समिति गठन नगरी संसद् सञ्चालन गर्ने पक्षमा सत्तापक्ष देखिएको छ।

कांग्रेस भने संसदीय समिति गठन नभइञ्जेल संसद् बैठक चल्न नदिने पक्षमा छ। यसलाई लिएर सभामुख देवराज घिमिरेले संसद्मा प्रतिनिधित्व गर्ने ठूला दलका प्रमुख सचेतकहरूलाई बोलाएर छलफल गरेका थिए। सत्तापक्षीय दलहरू र प्रमुख विपक्षी कांग्रेसबीच समझदारी कायम गरेर संसद् बैठक सञ्चालनका लागि वातावरण बनाउन सभामुख घिमिरेले चाहेका थिए। तर, घिमिरेले बोलाएको दलहरूको बैठक विनानिष्कर्ष सकियो।

उनले संसद्का मुख्य दलका शीर्ष नेता, प्रमुख सचेतक र सचेतकहरूलाई सिंहदरबारमा बोलाएर राखेको बैठकमा प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस पूर्ववत् अडानबाट पछि हटेन। बैठकमा सहभागी कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले सहकारी ठगी प्रकरणमा मुछिएका उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेबारे जसरी पनि संसदीय छानबिन गर्न समिति बन्नुपर्ने मागमा दोहोर्‍याए। नभए संसद् चल्न नदिने चेतावनी दिए। लेखकको चेतावनीले संसद्को गतिरोध भए कयौं विधेयकहरू प्रभावित हुने छन्।



अब संसद्मा कुनै बैठकका काम कारबाही अवरुद्ध भए भने त्यसको जिम्मेवार सरकारले लिनुपर्दछ। आज संसद्मा सरकार कुन रूपमा प्रस्तुत हुन्छ? त्यसैअनुसार कांग्रेस प्रस्तुत हुन्छ।

**रमेश लेखक**
**प्रमुख सचेतक, कांग्रेस**



सिंगो देशले गृहमन्त्रीमाथि उठेका प्रश्नको बारेमा सुन्न चाहन्छ। के उहाँहरूले रोकिरहने? अनि हामी सत्तापक्षले कहाँ गएर सुन्ने हो? हामी सत्तापक्षले बोल्ने कहाँ गएर हो? सरकारले कहाँ गएर बोल्ने हो?

**महेश बर्तौला**
**प्रमुख सचेतक, एमाले**

'अब संसद्मा कुनै बैठकका काम कारबाही अवरुद्ध भए भने त्यसको जिम्मेवार सरकारले लिनुपर्छ,' लेखकले भने। आज संसद्मा सरकार कुन रूपमा प्रस्तुत हुन्छ? त्यसैअनुसार कांग्रेस प्रस्तुत हुने पनि बताए।

'लाखौं लाख नेपालीहरूको पैसा सहकारीमा बचत गरिएको छ। देशका विभिन्न सहकारीमा रकमको अपचलन गर्ने, दुरूपयोग गर्ने, ठगी गर्नेलगायतका काम भएका छन्,' उनले भने, 'हामीले हाम्रो कुरा स्पष्ट राखेका छौं। अहिलेसम्म हामी सदासायतापूर्वक प्रस्तुत भएका छौं।'

प्रमुख सचेतक लेखकको अभिव्यक्तिले लामिछानेमाथिको प्रहार कांग्रेसले रोक्ने छैन भन्ने देखाउँछ। यसअघिको संसद् बैठकमा कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले अब बस्ने संसद् बैठकमा सरकारले संसदीय समिति बनाउने गरी नआए बैठक चल्न नदिने अल्टिमेटम दिएका थिए। उक्त माग पूरा नभएपछि गृहमन्त्री लामिछानेलाई रोस्ट्रममा जान पनि रोक लगाउने गरी विरोधमा उत्रिने तयारी कांग्रेसको छ।

जबकि, गृहमन्त्री लामिछानेले आज संसद्मा राजनीतिक दलसम्बन्धी संशोधित विधेयक पेस गर्ने सम्भावित कार्यसूची छ। उक्त बैठकमा अवरोध हुन नदिने गरी सोमबार सभामुख घिमिरेले संसद्का प्रमुख चार दलसँग छलफल गरेका हुन्। तर, दलहरूबीच सहमति जुटेन।

नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौलाले संसदीय छानबिन समिति नबन्ने अडान लिए। सहकारी ठगी प्रकरणलाई उनले हल्का विषय भएको बताए। त्यही भएर संसदीय छानबिन समिति न्यायोचित नहुने दाबी गरे। त्यसरी समिति गठन गर्दै जाने हो भने गलत नजिर स्थापित हुने उनको तर्क छ। उनले कांग्रेसले राजनीतिक पूर्वाग्रहका आधारमा गृहमन्त्रीमाथि प्रहार गर्ने कार्य गरेको भन्दै असन्तुष्टि पोखे। गृहमन्त्रीको कुरा कांग्रेसले सुन्नै नचाहेको भन्दै उनी आक्रोशित पनि सुनिए।

'सिंगो देशले गृहमन्त्रीमाथि लागेका प्रश्नको बारेमा सुन्न चाहन्छ। के उहाँहरूले रोकिरहने? अनि हामी सत्तापक्षले कहाँ गएर सुन्ने हो? हामी सत्तापक्षले बोल्ने कहाँ गएर हो? सरकारले कहाँ गएर बोल्ने हो?,' बर्तौलाले भने, 'त्यसकारण उहाँहरूले जे गर्नुभयो, त्यो बेठिक छ। मिलेको छैन। राजनीतिक प्रतिशोध र पूर्वाग्रहको बन्धक संसद्लाई बनाउनु हुँदैन।'

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भ: वैदेशिक रोजगार

## रूसमा श्रम स्वीकृति खुला गर्न एनआरएनएको दबाब

**प्रभाव संवाददाता**

**काठमाडौं–** द्वन्द्वग्रस्त रुसमा श्रम स्वीकृति खुला गर्न गैरआवासीय नेपाली संघ (एनआरएनए)ले सरकारलाई दबाब बढाएको छ। संघकै दबाबमा सरकारले केही समयअघि रुसका लागि श्रम स्वीकृति खुला गरेको थियो। तर, द्वन्द्व चर्किरहेको मुलुकमा नेपाली पठाउन श्रम स्वीकृति खुला गरिएको भन्दै सरकारको चौतर्फी आलोचना भएपछि चैत २० गतेबाट बन्द गरिएको थियो।

> स्वदेशमा रोजगारी नमिलेपछि नेपालीहरु दोस्रो देश हुँदै रूसी सेनामा भर्ती हुन पुगेको खुलिसकेको छ। यो अवधिमा ३०० जति रूसी सेनामा भर्ती भएका नेपालीहरु बेपत्ता रहेको बताइएको छ। तर सरकारले यो विषयको ख्यालै नगरी रोकिएको श्रम स्वीकृति खुला गरेको थियो।

एनआरएनले पुनः खुलाउन सरकारसमक्ष माग गरेको हो। गत बिहीबार संघका अध्यक्ष डा. बद्री केसी नेतृत्वको प्रतिनिधिमण्डलले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्याललाई भेटेर पुनः श्रम स्वीकृति खुलाउन सरकारको ध्यानाकर्षण गरायो।

भेटमा अध्यक्ष डा. केसीले कुनै पनि कुरामा समस्या आउनासाथ त्यसमा प्रतिबन्ध लगाउने भन्दा पनि त्यसलाई व्यवस्थित बनाएर अघि बढ्नुपर्ने भन्दै श्रम स्वीकृति खुला गर्नुपर्नेमा जोड दिएको बताइएको छ। जवाफमा मन्त्री अर्यालले रुसको विषय कुनै मन्त्रालयगत मात्रै विषयमात्रै नभई समग्र राज्य सरोकारको विषय भएकोले सरकारले यथोचित रूपमा समाधान गर्ने र त्यसका लागि आफ्नो तर्फबाट सहयोग गर्ने प्रतिबद्धता जनाएको भेटपछि संघले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

रुस र युक्रेनबीचको युद्ध रोकिएको छैन। उक्त युद्धमा परी ४० जना नेपालीले आफ्नो जीवन गुमाइसकेका छन्। विभिन्न अपुष्ट जानकारीअनुसार करिब ७०० नेपाली रुसी सेनामा भर्ना भएका छन्। यस्तो अवस्थाकाबीच श्रम स्वीकृति खुला गर्न दबाब दिनु उपयुक्त नहुने सरोकारवालाको भनाइ छ।

स्वदेशमा रोजगारी नमिलेपछि नेपालीहरू दोस्रो देश हुँदै रुसी सेनामा भर्ती हुन पुगेको खुलिसकेको छ। यो अवधिमा ३०० जति रुसी सेनामा भर्ती भएका नेपालीहरू बेपत्ता रहेको बताइएको छ। तर सरकारले यो विषयको ख्यालै नगरी रोकिएको श्रम स्वीकृति खुला गरेको थियो।

दुई देशबीच युद्ध चर्किएपछि सरकारले गत पुस १९ गते रुसमा जानका लागि श्रम स्वीकृति रद्द गरेको थियो। यो बीचमा सरकारले रुसी सेनामा भर्ती हुन सरकारले कुनै अनुमति नदिएको दाबी गर्दै आएको थियो। तर सरकारले श्रम स्वीकृति खुला गरेपछि यस विषयमा संघीय संसद्मा सांसदहरूलेसमेत प्रश्न उठाएका थिए। रुसमा कति नेपालीहरू स्वदेश फर्काउन सरकारसँग बिलौना गरिरहेका बेला सरकारले श्रम स्वीकृति खुलाएर मृत्युको मुखमा धकेलिरहेको भन्दै आलोचना भएको थियो। त्यसपछि बन्द गरिएको श्रम स्वीकृत पुनः खुलाउन एनआरएनएले दबाब बढाएको हो। यद्यपि, तत्काल पुनः श्रम स्वीकृति खुला गर्ने पक्षमा श्रम मन्त्रालय नरहेको मन्त्रालयका एक उच्च अधिकारीले बताए।

## पोर्चुगलमा समुद्रमा डुबेर एक नेपालीको मृत्यु, एक बेपत्ता



**पोर्चुगल–** पोर्चुगलमा समुद्रमा डुबेर एक नेपालीको मृत्यु भएको छ। अर्का नेपाली युवा बेपत्ता भएका छन्।

शनिबार राति मोन्तिजोस्थित समुद्रमा सामुद्रिक जीव खोज्ने क्रममा धादिङको नेत्रावती डबजोङ गाउँपालिका-५, कटुञ्जेका ३० वर्षीय धनबहादुर तामाङको डुबेर मृत्यु भएको हो। सोही स्थानका ३८ वर्षीय टेकबहादुर तामाङ बेपत्ता भएका छन्। दुवैजना शनिबार राति बेपत्ता भएको तामाङ समाज पोर्चुगलका अध्यक्ष गोपाल योञ्जनले जानकारी दिए। बेपत्तामध्ये धनबहादुरको शव आइतबार उद्धार टोलीले समुद्रमा भेट्टाएको थियो। टेकबहादुर हालसम्म बेपत्ता छन्।

धनबहादुर र टेकबहादुरसहित अन्य दुई नेपाली पनि सामुद्रिक जीव खोज्न गएका थिए। बेपत्ता टेकबहादुरको झोला र बाल्टीमात्रै भेटिएको योञ्जनले बताए।

धनबहादुरको शव परीक्षणका लागि मोन्तिजोस्थित बरेइरो अस्पतालको शवगृहमा राखिएको छ। दुवैजना समुद्रमा बेपत्ता भएपछि उद्धारका लागि तत्काल प्रहरीलाई खबर गरिएको मोन्तिजो नेपाली समाज पोर्चुगलका सचिव प्रबल भट्टराईले जानकारी दिए। उद्धार टोलीले शनिबारदेखि नै विभिन्न माध्यममार्फत बेपत्ताको खोजी गरिरहेको छ।

धनबहादुर वैदेशिक रोजगारीको सिलसिलामा फ्रान्स हुँदै गत वर्ष पोर्चुगल पुगेका थिए। यस्तै चार महिनाअघि क्रोसिया गएका टेकबहादुर १८ दिनअघि मात्रै पोर्चुगल पुगेका थिए। दुवैजना नाताले काकाभतिज पर्छन्। उनीहरू मोन्तिजो बस्दै आएका थिए। *रासस*






**एक्लो घोडाजात्रा** | घोडाजात्राका अवसरमा ललितपुरको पाटन दरबारबाट सुरु गरिने परम्परादेखि चलिआएको ऐतिहासिक याकः सलाजात्रा (एक्लो घोडाजात्रा) सोमबार गर्दै भीमसेन गुठी च्योः खलःका गुठियार । *तस्बिरः रत्न श्रेष्ठ/रासस*

# विद्यालयले पोसाक र शैक्षिक सामग्री बेच्न नपाउने निर्णयको स्वागत

**काठमाडौं-** काठमाडौं महानगरका विद्यालयले पोसाक र शैक्षिक सामग्री बिक्री गर्न नपाउने निर्णय स्वागतयोग्य रहेको सरोकारवालाले बताएका छन् । तीन दिनअघि काठमाडौं महानगरपालिकाले सबै सामुदायिक तथा संस्थागत विद्यालयले विद्यार्थीलाई विद्यालयबाटै पाठ्यपुस्तक, पाठ्यसामग्री, पोसाक, शैक्षिक सामग्रीलगायत सामग्री खरिद गर्न बाध्य नगर्न र विद्यालयबाट बेचबिखनसमेत नगराउन सूचना जारी गरेको थियो ।

अभिभावक संघ नेपालका अध्यक्ष केशव पुरीले यो विषय उठान गरिरहेकै विषय भएकाले सबै विद्यालयले अनिवार्य लागू गर्नुपर्ने बताउँछन् । उनी भन्छन्, 'कतिपय विद्यालयले पुस्तक वितरण पनि आफैं गर्ने, आफूले भनेकै ठाउँमा गएर किन्नुपर्ने नियम बनाएका छन् । त्यो बाध्यताको अन्त्य हुनुपर्छ ।'

उनले एक त अभिभावकले शुल्ककै मार खेपिरहेकै बेला भनेकै ठाउँमा किताब, पोसाकलगायतका सामान किन्न लगाउनु गलत कार्य रहेको बताए । उनले भने, 'गरिबका छोराछोरीले जसोतसो रकम जुटाएर पढ्न आएका हुन्छन् । यहीँबाट नै किन्नुपर्छ भन्ने नियम व्यापारिक प्रायोजनले गरिएको कामजस्तो देखियो जुन खराब हो । महानगरपालिकाको काम स्वागतयोग्य छ ।'

शिक्षाविद् विद्यानाथ कोइरालाले विद्यालयमा कमिसनको चक्कर अन्त्य हुनुपर्ने तर्क गरे । उनले भने, 'पोसाक, पाठ्यपुस्तक र शैक्षिक सामग्री सामानमा दुवै निजी तथा सरकारी विद्यालयमा कमिसनको चक्कर बेठीक छन् । किताब विद्यालयले बेच्ने होइन नि, पसलेले बेच्ने हो । यो नियमको सबैले पालना गर्नुपर्छ ।'

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन)का अध्यक्षम डिके ढुंगानाले विद्यालयले आफैं पाठ्यपुस्तक र पोसाक बिक्री गर्न नपाउने नियम पहिलादेखि नै भएको र सबैले पालना गरिरहेको बताए । उनले भने, 'यस्तो कार्य विद्यालयले गर्न पाउँदैनन् । पहिलादेखिको निर्णय हो । प्याब्सनअन्तर्गतका विद्यालयले त्यो बिक्री पनि गर्दैनन् । हाम्रो त स्पष्ट मान्यता छ ।'

त्यसैगरी सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ नेपालका अध्यक्ष गुणराज मुक्तानले यो एकदमै राम्रो निर्णय भएको बताए । 'विद्यालयले अभिभावकलाई ग्राहक बनाउने होइन । विद्यालयले त ज्ञान बाँड्ने हो, ज्ञान प्रदान गर्ने ठाउँमा व्यापार गर्न थालेको देखिन्छ । यो नियन्त्रणका लागि चालिएको कदम राम्रो छ,' उनले भने, 'अभिभावकले आफ्ना बच्चाका लागि विद्यालयबाट नै किन्नुपर्ने नभई खुला बजारबाट जहाँ सस्तो र सुलभरूपमा पाइन्छ त्यहीँ किन्न पाउनुपर्छ ।'

सबै विद्यालयले शैक्षिक सत्र २०८१ का लागि पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरद्वारा सूचीकृत भएका थप पाठ्य सामग्री मात्र प्रयोग गर्नुपर्ने, अंग्रेजी माध्यमका पाठ्यपुस्तक प्रयोग गर्नुपरेमा पाठ्यक्रम विकास केन्द्रद्वारा अनुवाद गरी प्रकाशन गरिएका वा पाठ्यक्रम विकास केन्द्रमा सूचीकृत भएका पाठ्यपुस्तक नै प्रयोग गर्नुपर्ने काठमाडौं महानगरपालिकाले जनाएको छ ।

महानगरपालिकाले प्रधानाध्यापकले स्वीकृत पाठ्यसामग्री प्रयोग नगरेमा तथा पोसाक, शैक्षिक सामग्रीलगायतका सामग्री विद्यालयबाट खरिद गर्न विद्यार्थी तथा अभिभावकलाई बाध्य गराएमा शिक्षा ऐन, २०२८, शिक्षा नियमावली २०५९ तथा काठमाडौं महानगरपालिका शिक्षा ऐन २०७५, नियमावली २०७४ तथा प्रचलित कानुनबमोजिम कारबाही हुने चेतावनीसमेत दिएको छ । *रासस*

# देशभरका ८० प्रतिशत विद्यालयमा पाठ्यपुस्तक

**भक्तपुर (प्रस)-** जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले देशभरका ८० प्रतिशत विद्यालयमा पाठ्यपुस्तक पुगिसकेको जनाएको छ । चैत १३ गतेसम्म कूल एक करोड ७० लाख थान पुस्तक छपाइ गरी हालसम्म ८० प्रतिशत पुस्तक बिक्री गरिसकेको केन्द्रका महाप्रबन्धक अनिलकुमार झाले जानकारी दिए ।

उनले सोमबारसम्म ७५ जिल्लामा पुस्तक पुगिसकेको जानकारी दिए । उनकाअनुसार सोमबारदेखि सोलुखुम्बु, बाँके र बर्दियामा पाठ्यपुस्तक वितरण सुरु भएको छ । कैलालीमा भने आजदेखि पुस्तक बिक्री सुरु गरिने छ । उनले यही चैत २८ गतेसम्म सबै जिल्लामा पाठ्यपुस्तक बिक्री वितरण गर्ने गरी काम भइरहेको बताए ।

स्थानीय तहले विद्यालयलाई पाठ्यपुस्तकको रकम निकासा नगर्दा पाठ्यपुस्तक बिक्रीमा केही ढिलाइ भएको उनको भनाइ छ । उनले सोलुखुम्बुका स्थानीय तहलाई पत्राचार गरेको १० दिनपछि सोमबारु रकम निकासा भएको बताए ।

दुर्गम जिल्लाका विद्यालयमा पाठ्यपुस्तक वितरणपछि काठमाडौं उपत्यकामा सुरु गरिने उनको भनाइ छ ।

# नेत्रज्योति संघमा पुनः प्रा.डा. पन्त

**काठमाडौं (प्रस)-** नेपाल नेत्रज्योति संघको अध्यक्ष पदमा प्रा.डा. चेतराज पन्त पुनः निर्वाचित भएका छन् । भरतपुरको चितवनमा हालै सम्पन्न २८औं केन्द्रीय सभा तथा अधिवेशनले उनलाई दोस्रो कार्यकालका चयन गरेको हो ।

यही चैत २३ र २४ गते सम्पन्न अधिवेशनले प्रा.डा. पन्तको नेतृत्वमा आगामी चार वर्षका लागि नयाँ कार्यसमिति चयन गरेको छ । संघको विधानबमोजिम २७ सदस्यीय कार्यसमितिमध्ये एक जना अध्यक्ष, १२ जना खुला सदस्य र दुई जना महिला सदस्य गरी १५ सदस्य अधिवेशनमार्फत निर्विरोध निर्वाचित भएका हुन् ।

त्यस्तै सदस्य पदमा कृष्णकुमार गिरी, चिजकुमार मास्के, दिव्यप्रसाद पन्त, द्रोणप्रसाद गुरागाई, डा. नन्द श्रेष्ठ, नरबहादुर रोकाया, पद्मनारायण चौधरी, विष्णुदत्त जोशी, श्यामकुमार पोखरेल, भरतबहादुर चन्द, भागवत राउत, वरिष्ठ अधिवक्ता हरिप्रसाद शर्मा, मञ्जु कँडेल र प्रा.डा. सविना श्रेष्ठ निर्विरोध निर्वाचित भएका छन् ।

निर्वाचित सदस्यमध्येबाट नै पदाधिकारीको कार्यविभाजन गर्ने व्यवस्थाबमोजिम अधिवेशनलगत्तै बसेको केन्द्रीय समिति बैठकले संघको वरिष्ठ उपाध्यक्षमा पोखरेल, महासचिवमा चन्द र कोषाध्यक्षमा मास्केलाई जिम्मेवारी तोकिएको छ । संघअन्तर्गत देशभरमा २८ आँखा अस्पताल, १५६ आँखा उपचार केन्द्र तथा ४३ जिल्ला शाखा सञ्चालनमा छन् ।

पृष्ठ १ बाट क्रमशः

### हुँदै नभएको...

प्रदेश प्रमुखको कार्यालयमा सोमबार दर्ता गराइएको निवेदनमा एमालेका ३९ र माओवादीका १३ सांसदले हस्ताक्षर गरेका छन् ।

प्रदेश प्रमुख खापुङले निवेदन बुझ्दै संविधानअनुसार अध्ययन गरी निर्णय लिने जवाफ एमाले र माओवादी केन्द्रका नेताहरूलाई दिएका छन् । नियमित अधिवेशन नबोलाइएको अवस्थामा विशेष अधिवेशनको माग गर्न पाइन्छ । अहिले प्रदेशसभाको नियमित अधिवेशन बोलाइएको छैन ।

एमाले र माओवादीले विशेष अधिवेशनको माग गर्ने तयारी गरेको थाहा पाएपछि मुख्यमन्त्री कार्कीको सचिवालयका सदस्य नियमित अधिवेशन माग गर्दै प्रदेश प्रमुखको कार्यालय पुगेका थिए । तर नियमित अधिवेशन माग गरिएको निवेदन भने दर्ता भएन ।

मुख्यमन्त्री कार्कीले २०८१ जेठ ११ गते नियमित अधिवेशन बोलाउन सिफारिस गरे पनि पत्रमा २०८० जेठ ११ गते उल्लेख रहेकाले निवेदन दर्ता नगरेको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ ।

### किन मुस्किल परिरहेको छ सत्ता फेर्न ?

फागुन २० मा संघमा प्रधानमन्त्री पुष्पकमल दाहालले सत्ताको काँध फेरेसँगै प्रदेशमा धमाधम सरकारको नेतृत्व फेरिने क्रम छ । तर कोशीमा भने एमालेसहितको गठबन्धनलाई नेतृत्व लिन मुस्किल परिरहेको छ । कारण हो संवैधानिक अड्चन ।

असोज २७ मा कांग्रेसका कार्की एमालेकै सहयोगमा मुख्यमन्त्री बनेका थिए । संविधानको धारा १६८ (३) अनुसार अल्पमतको सरकार बनाएका एमाले संसदीय दलका नेता हिक्मत कार्कीले विश्वासको मत नलिई राजीनामा दिएपछि १६८ (५) अनुसार सरकार गठनका आह्वान भएको थियो ।

तत्कालीन सत्ता गठबन्धनले माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोलाई मुख्यमन्त्रीमा अगाडि सार्दा कांग्रेसका आठ सांसदले विद्रोह गरेपछि एमालेका ४० सांसदको साथ पाएर कार्की मुख्यमन्त्री बनेका हुन् ।

पछिल्लो सत्ता गठबन्धनका भागबण्डामा कोशीको मुख्यमन्त्री एमालेको भागमा नै परेको छ । त्यसैले पनि एमाले जसरी पनि नेतृत्व लिने दाउमा छ । कूल ९३ सदस्यीय प्रदेशसभामा बहुमत कायम राख्न कम्तीमा ४७ सांसदको समर्थन आवश्यक पर्छ ।

मुख्यमन्त्री कार्कीको पक्षमा नेपाली कांग्रेसका २९ र नेकपा एकीकृत समाजवादीका चार गरी ३३ सांसदको मात्रै समर्थन देखिएको छ । छ जना प्रदेशसभा सदस्य रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) यसअघि नै प्रतिपक्षमा छ भने ३९ सांसद रहेको एमाले, १३ सांसद रहेको माओवादी र एक सांसद रहेको जनता समाजवादी पार्टीले पनि उनलाई दिएको समर्थन फिर्ता लिएका छन् ।

### संविधान पढ्न मुख्यमन्त्रीको सुझाव

संविधानअनुसार आफू दुई वर्ष मुख्यमन्त्री रहने कार्कीले दाबी गरेका छन् । 'साथीहरूलाई संविधान पढ्न आग्रह गर्दछु, दुई वर्षसम्म मैले विश्वासको मत लिनुपर्दैन,' कार्कीले भने । कार्की आफू संविधानको धारा १६८ (५) अनुसार मुख्यमन्त्री बनेकाले दुई वर्षसम्म विश्वासको मत लिनुनपर्ने दाबी गर्छन् । कार्कीले भनेजस्तो संविधानमा मुख्यमन्त्रीले विश्वासको मत लिनुनपर्ने व्यवस्था कतै गरिएको छैन ।

कार्कीको दाबी प्रधानमन्त्रीलाई मात्र लागू हुने संविधानमा उल्लेख छ । संविधानको धारा १०० को ४ मा यसबारे भनिएको छ, 'तर प्रधानमन्त्री नियुक्त भएको पहिलो दुई वर्षसम्म र एकपटक राखेको अविश्वासको प्रस्ताव असफल भएको एक वर्षभित्र अविश्वासको प्रस्ताव पेस गर्न सकिने छैन ।'

कांग्रेस संसदीय दलका नेता उद्धव थापा पनि कार्कीलाई राजीनामा दिएर नयाँ सरकार गठनका लागि बाटो खोलिदिन आग्रह गर्छन् । 'बहुमत पुऱ्याउन सकिने अवस्था भएमात्र कांग्रेसले सहयोग गर्छ । नभए राजीनामा दिनु अहिलेको उत्तम विकल्प,' थापाले भने ।

■■■

### सहमति जुटाउने...

गृहमन्त्री लामिछानेले पोखराको सूर्यदर्शन सहकारीसँगै चितवनका एक सहकारीबाट बचतकर्ताको करोडौं बचत ल्याएर ग्यालेक्सी टिभी सञ्चालन गरेको र डुबाइदिएको आरोपको सामना गरिरहनुपरेको छ । उनले यसबारे इन्कार गरेका छन् । तर, विपक्षी कांग्रेसले उनीविरुद्ध लगातार प्रश्न उठाइरहेको छ ।

सत्ता नेतृत्व दल माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले पनि गृहमन्त्रीले आज विधेयक पेस गर्ने कार्यतालिका रहेकाले त्यहीबेला उनले कांग्रेसलाई जवाफ दिने बताए । कांग्रेसको माग अर्थपूर्ण नभएको पनि बताए ।

लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रमुख सचेतक सन्तोष परियारले सहकारी ठगी प्रकरणमा गृहमन्त्री लामिछाने नमुछिएको दाबी गरे । बरू, उनलाई बलिको बोको बनाउन खोजेको आक्षेप लगाएका छन् ।

यी तथ्यहरूले सत्तापक्षीय दलका प्रमुख सचेतकहरू संसदीय छानबिन समिति गठनको पक्षमा देखिएनन् । कांग्रेसलाई पेलेरै अघि बढ्ने तयारीमा देखिएको छ । कांग्रेसले गत २४ फागुनदेखि नै लगातार सहकारी ठगी प्रकरणमा गृहमन्त्री मुछिएपछि छानबिन हुनुपर्ने जनाएको थियो । त्यसपछि पनि बेलाबखत कांग्रेस यही मुद्दा उठाउँथ्यो । यद्यपि, कांग्रेसको मुद्दा सम्बोधन नहुने भएको छ । सरकारको यसप्रति कुनै चासो छैन । बरू, बेवास्ता छ । यस्तो अवस्थामा आज कांग्रेसले संसद् चल्न दिन्छ कि दिँदैन ? आजै टुंगो लाग्ने छ ।


## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७५/०८/११ मा दर्ता भएको प्रा.लि. नं. २०३१६१/०७५/०७६ को डिजीबाइट आई.टी.सोलुसन्स प्रा.लि. को मिति २०८०/११/२० मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाणसहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्विडेटरको कार्यालय नयाँबजार काठमाडौंमा सम्पर्क गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ । अन्यथा तोकीएको म्यादभित्र हक दावी गर्न नआए उक्त कम्पनी दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेजी गरिनेछ ।

लिक्विडेटरः जगदिश बम, इजाजतपत्र नं. ५५७
फोन नं. ९८५१००४४१४, ठेगानाः का.म.न.पा. वडा नं. २९



## श्री सिंहकाली आधारभूत विद्यालय

सोलुदुधकुण्ड नगरपालिका-११
तिङ्ला, सोलुखुम्बु

### शिक्षक आवश्यकता

यस विद्यालयमा रिक्त रहेको निम्न माध्यमिक तह शिक्षण सिकाइ अनुदान कोटामा विज्ञान विषयको शिक्षक करारमा पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

तपसिल

(१) विज्ञापन नं.- ०२/०८० (२) पद-नि.मा.वि. शिक्षण सिकाइ अनुदान
(३) विषय-विज्ञान (४) आवश्यक संख्या-१ (एक) (५) उमेर -१८ वर्ष पूरा गरी ४० वर्ष ननाघेको
(६) तलब स्केल- नेपाल सरकारको नियमानुसार ।
(७) शैक्षिक योग्यता- विज्ञान र गणित मूल विषय लिइ कम्तिमा १०+२ वा सो सरह उतीर्ण गरेको हुनु पर्ने ।
(८) संलग्न गर्नुपर्ने कागजातहरु -
(क) शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि- २/२ थान ।
(ख) अध्यापन अनुमतिपत्रको प्रतिलिपि- २/२ थान ।
(ग) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि- २/२ थान ।
(९) दरखास्त दस्तुर- रु.२,५००।- (अक्षरेपी- दुई हजार पाँच सय मात्र) पछि फिर्ता नहुने गरि ।
(१०) दरखास्त दिने अन्तिम मिति- मिति २०८१/१२/०३ गते कार्यालय समयभित्र ।
(११) परीक्षा हुने मिति र स्थान- सम्पर्क मितिको दिन तोकिनेछ ।
(१२) परीक्षाका किसिम- लिखित, मौखिक र आवश्यक परे प्रयोगात्मक ।
(१३) परीक्षाको पाठ्यक्रम -शिक्षक सेवा आयोगले तोकेबमोजिम ।
(१४) प्राथमिकता- कम्प्युटर सम्बन्धि ज्ञान हुनुको साथै माथिल्लो शैक्षिक योग्यता भएको र शिक्षण अनुभव भएको ।
(१५) सम्पर्क मिति- २०८१/१२/०३ गते अपराह्न ४:३० बजे ।
(१६) सम्पर्क नं. ९८४३७३८९५५/९८४३७३८९५८/९८४५३७२५७



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनीः ZEAL IT TRADING & CONTRACTING
पूर्व स्वीकृति मिति २०८०/०८/१४ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२६ LT. No. 295676 चलानी नं. ६०२१०८२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PLUMBER | 4 | 0 | 1100 | ४०,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ४ गते (16th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OZONE OVERSEAS SERVICE PVT. LTD.
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GHEZLAN ALREEM HERITAGE COMPANY FOR PROVIDE MEALS
पूर्व स्वीकृति मिति २०८०/०९/१२ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२६ LT. No. 297327 चलानी नं. ६०२१२२९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Tool Cleaning Worker | 3 | 0 | 1200 | ४२,६१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 16 | 0 | 1200 | ४२,६१० | | | | | | | |

कम्पनी : SARAYA AL JAZIRAH CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति २०८०/०८/०२ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२६ LT. No. 295102 चलानी नं. ६०२१०१८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 4 | 0 | 1800 | ६३,६२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Garbage Truck Driver | 11 | 0 | 1800 | ६३,६२५ | | | | | | | |
| 3 | Heavy Truck Driver | 6 | 0 | 1800 | ६३,६२५ | | | | | | | |
| 4 | Liquid And Gas Tank Truck Driver | 2 | 0 | 1800 | ६३,६२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ४ गते (16th April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Muskan Overseas Pvt. Ltd.
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np
Govt. License 1342/074/75



## कर्मचारी हटाइएको सम्बन्धी सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगारीका लागि इजाजत प्राप्त कम्पनी इजाजत नम्वर १४५४/०७४/०७५ यस All-Solution Employment Service Pvt. Ltd. मा कार्यरत तपसिल पदमा कार्यरत कर्मचारीहरुले आफ्नो व्यक्तिगत समस्याका कारण कार्यालयलाई समय दिन नसक्ने भनी तपशील मितीमा राजीनामा दिएकाले आवश्यक प्रक्रिया पुरा गरी कर्मचारी हटाइएको दावी विरोध सम्वन्धी ७ दिने सूचना प्रकाशन गरिएको छ । निज व्यक्तिहरुसँग यस प्रा.लि. सँग सम्वन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग बैदेशिक रोजगारसँग सम्वन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

| नाम थर | नागरिकता प्रमाण पत्र नं. |
|---|---|
| सुस्मिता ज्ञवाली | १२२०१७-११५६ |
| सविता कुमारी थारु | ६५-०१-७६-०२९३६ |
| प्रिति शाही | १६-०१-८९-०११८७ |
| मन्जु रिमाल | ०४२०४२/२९८२ |
| निरा लामा | २५-०१-७५-०१०३२ |
| उर्मिला तामाङ | २५३०२८०१९९ |

All-Solution Employment Service Pvt. Ltd.
Basundhara-03, Kathmandu Nepal, Ph No: + 01-4975144/ 4975145, 9851071108
E-mail : info@allsolution.com.np, Web: www.allsoloutionemployment.com



## स्वच्छ, सफा खानेपानी तथा वातावरणीय सरसफाई सम्बन्धी जनहितमा जारी सन्देश

**पढौं, सोचौं तथा व्यवहारमा अबलम्बन गरी असल नागरिकको परिचय दिऔं । साबुन पानीले अनिवार्यरुपमा हात धुने बानी बसालौं ।**

- चर्पीको प्रयोग पछी
- खाना बनाउनु, पस्कनु र खुवाउनु अघि
- कुनै फोहोर कुरा/बिषादी छोएपछि,
- बिरामी तथा बच्चाको स्याहार गर्नु अघि र पछि ।

**स्वच्छ, सफा, सुन्दर वातावरण बनाऔं, असल नागरिक बनौं**

- खानेपानीको मुहान, स्रोत धारा संरक्षण तथा सफा राखौं,
- खुल्ला स्थानमा दिसा, पिसाव नगरौं,
- फोहोरमैलाको उचित व्यवस्थापन गरौं,
- घर आगन, उद्यान, बाटो लगायत सार्वजनिक स्थान सफा राखौं ।

**स्वच्छ, सफा पिउने पानीकोमात्र प्रयोग गरौं**

- शुद्धिकरण गरेको पानीमात्र पिउने गरौं,
- शुद्धिकरण गर्ने ४ घरेलु उपायहरु उमालेर, फिल्टर गरेर, क्लोरिन हालेर, सोडिस गरेर,
- शुद्ध पिउने पानी प्रयोग गरी झाडापखाला, आउँ, रगतमासी, हैजा, जुका, म्यादेज्वरो आदि जस्ता रोगबाट बचौं

खानेपानी, सिँचाई तथा ऊर्जा विकास कार्यालय
दैलेख

# मनाइयो घोडेजात्रा











**काठमाडौं (प्रस)-** घोडेजात्रा पर्व विशेष समारोहका साथ मनाइएको छ । प्रत्येक वर्ष कृष्ण औंसीका दिन मनाइने यस पर्वको अवसरमा सोमबार नेपाली सेनाले सैनिक मञ्च टुँडिखेलमा विविध प्रदर्शनीसहितको 'घोडेजात्रा समारोह, २०८०' सम्पन्न गरेको हो ।

कार्यक्रमको अवलोकन गर्न राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री पुष्पकमल दाहाल, सभामुख देवराज घिमिरेलगायत सहभागी थिए । सो अवसरमा सेनाले अश्वकलासम्बन्धी प्रतिस्पर्धा तथा प्रदर्शनी गरेको थियो । घोडादौड, म्युजिकल रेस, सोजम्मलगायत विधामा प्रतिस्पर्धा गराइएको थियो । त्यस्तै, सैनिक कुकुरको कौशल पनि प्रस्तुत गरिएको थियो ।

प्रत्येक वर्ष कृष्ण औंसीका दिन घोडेजात्रा मनाइँदै आएको छ । जनविश्वासअनुसार टुँडिखेलको पूर्व-दक्षिण दिशामा रहेको एउटा रूखमा बास गर्ने गुरुमापा भन्ने राक्षसले सहरका बालबालिकालाई खाने गरेको थियो । पीडित स्थानीयले विभिन्न उपायले त्यसलाई सम्हार गरे । राक्षसको प्रेतात्मा फेरि जागा भई बालबालिकालाई अनिष्ट गर्नसक्ने भय स्थानीयमा रहिरहचो । यसै कारण प्रत्येक वर्ष चैत्र कृष्ण औंसीका दिन घोडेजात्रा गरी गुरुमापाको आत्मालाई घोडाको टापले कुल्चाएर दबाउने गरिएको हो । साथै सहरका कुनै पनि बालबालिकामाथि खतरा नहोस् भनी घोडेजात्राकै दिन राति त्यही रूखको फेदमा गुरुमापालाई खानेकुरा पनि दिइन्छ ।

तस्बिर सौजन्य: नेपाली सेना

# डढेलोका कारण वायु प्रदूषण उच्च

■ **प्रगति ढकाल**

**काठमाडौं-** मुलुकका विभिन्न स्थानमा लागेको वन डढेलोका कारण वायु प्रदूषण बढेको छ । डढेलोका कारण काठमाडौं र पोखरालगायतका देशका मुख्य सहरमा वायु प्रदूषण उच्च मापन गरिएको छ ।

'एयर क्वालिटी इन्डेक्स'का अनुसार सोमबार दिउँसो विश्वका प्रदूषित सहरको सूचीमा काठमाडौं तेस्रो स्थानमा थियो । काठमाडौंको सोमबारको वायु गुणस्तर सूचकांक (एक्युआई) १६५ पुगेको थियो । वातावरण अभियन्ता राजन थापाका अनुसार एक्युआई १०० भन्दा माथि भएमा वायु अस्वस्थकर मानिन्छ ।

'वायु गुणस्तर सूचकांक (एक्युआई) शून्यदेखि ५० सम्म स्वस्थ्यकर, ५१ देखि १०० सम्म मध्यम, १०० देखि १५० सम्म अस्वस्थ्यकर र १५० देखि २०० सम्मलाई अति अस्वस्थ्यकर मानिन्छ,' थापाले भने । उनका अनुसार आज काठमाडौं उपत्यकामा दरबारमार्गमा १८४, खुमलटारमा १५८, भक्तपुरमा क्यान्सर अस्पतालमा १७४, रत्नपार्कमा १२० एक्युआई मापन गरिएको छ । जुन स्वास्थ्यका दृष्टिकोणले अति अस्वस्थकर भएको उनको भनाइ छ ।

अभियन्ता थापाका अनुसार नेपालमा साधरणतया वर्षमा दुई हजार ५०० को हाराहारीमा डढेलाको घटना घट्छन् । 'असी प्रतिशत वन डढेलाको घटना फागुन मध्यदेखि जेठको मध्यसम्म हुने गर्छन् । चैत र वैशाखमा मात्रै ६० प्रतिशत डढेलोको घटनाहरू हुने गरेको पाइन्छ,' उनले भने, 'मध्य फागुनदेखि जेठ मध्यसम्म डढेलोका घटनाहरू हुने भएकाले यो समयमा सतर्क हुनु जरुरी हुन्छ ।' उनले यतिबेला वन डढेलो, निर्माणाधीन पूर्वाधारका साथै धूलोधुँवाले, प्लास्टिक बाल्दा तथा सवारीसाधनका कारण पनि वायु प्रदूषण हुने गरेको बताए ।

'प्रदूषण कम गर्न सडक बिस्तार तथा निर्माणका साथै सवारीसाधन जाँचपासमा पनि ध्यान दिन जरुरी छ,' उनले भने, 'प्रदूषण नियन्त्रणका योजनाको उचित कार्यान्वयनका आवश्यक छ ।' सडक निर्माण/बिस्तार व्यवस्थित नहुनु, सडक व्यवस्थापनको सट्टा बिस्तारमा मात्र जोड दिनु, वातावरणमैत्री सवारीसाधनलाई प्राथमिकता नदिनुलगायतका समस्याले पनि वायु प्रदूषण नियन्त्रणमा समस्या भएका उनको बुझाइ छ ।

मौसमविद् वरुण पौडेलले अझै एक सातासम्म वर्षाको सम्भावना नभएकाले डढेलो नियन्त्रणमा कठिनाइ हुनसक्ने बताए । 'तत्काल ठूलो वर्षा नहुने भएकाले सुक्खा बढ्ने र तातोहावा चल्ने सम्भावना छ । यसले डढेलो बढाउनसक्छ,' उनले भने ।

डढेलोविद् सुन्दर शर्माका अनुसार मुलुकभर लागेको डढेलोको असर काठमाडौंलगायतका सहरमा वायु प्रदूषण देखिएको हो । उनका अनुसार बढ्दो डढेलाको धुँवाका कारण वायु प्रदूषण हुने र प्रदूषणले आँखा पोल्ने समस्या हुनसक्छ ।

अमेरिकास्थित द नेसनल एरोनोटिक्स एण्ड स्पेस



**सल्यानको छत्रेश्वरी गाउँपालिका ६ र ७ नम्बर वडाको जंगलमा सोमबार बिहान लागेको आगो ।** ***तस्बिरः रासस***

एडमिनिस्ट्रेसन (नासा)को वेबसाइटको तथ्यांकअनुसार सोमबार दिउँसो मुलुकका विभिन्न १३० स्थानमा डढेलो लागिरहेको छ । 'केही दिनदेखि नेपालमा सुक्खा बढिरहेको छ, तीन दिनयता वन डढेला पनि बढेको छ, आइतबार पनि १०५ स्थानका वनमा डढेलो लागेको थियो,' उनले भने, 'बढ्दो डढेलोका कारण वायु प्रदूषण बढेको छ । सुक्खा अझै बढ्दै गए डढेलो नियन्त्रणमा समस्या आउनसक्छ ।' प्रदूषण नियन्त्रणका गर्नका लागि डढेलो नियन्त्रण गर्न जरुरी रहेको शर्माले बताए ।

वन तथा वातावरण मन्त्रालयका प्रवक्ता बद्रीराज ढुंगानाले वायु गुणस्तर सुधारका लागि राज्यको पर्याप्त लगानी नहुनु, मानवीय चेतनाको कमी, अन्तरनिकायबीच समन्वयको अभावले समस्या उत्पन्न भएको बताउँछन् । 'विभिन्न आयोजना निर्माणका क्रममा वातावरणीय प्रभाव मूल्यांकनको प्रावधान, फोहोरमैला व्यवस्थापनसम्बन्धी स्थानीय सरकारका नियम, वातावरणीय मापदण्डलगायतको प्रभावकारी कार्यन्वयन नहुँदा प्रदूषण बढिरहेको छ,' उनले भने, 'प्रदूषण कम गर्नका लागि मापदण्डको प्रभावकारी कार्यान्वयनका लागि प्रभावकारी रूपमा अनुगमन गर्न समन्वय भइरहेको छ ।'

उनले पनि वन डढेलोका कारण प्रदूषण बढिरहेकाले डढेलो नियन्त्रणका लागि व्यापक प्रचारप्रसारका गतिविधि अगाडि बढाउने सरकारी नीति आवश्यक भएको बताए । छातिरोग विषेशज्ञ डा. निरज बमले प्रदूषणका कारण मानवीय स्वास्थ्यमा अल्पकालीन र दीर्घकालीन स्वास्थ्य समस्याको जोखिम रहेको बताए । 'वायु प्रदूषणका कारण श्वासप्रश्वासमा समस्या आउने, रुघाखोकी लाग्ने, दम बढाउने, फोक्सोको क्यान्सर, उच्च रक्तचाप, पक्षघात, हृदयघात हुने समस्या देखिनसक्छ,' उनले भने, 'त्यसबाहेक आँखा र छाला चिलाउनेलगायतका समस्या पनि देखिन्छन् । प्रदूषणको समयमा यसप्रकारका रोगीहरू सतर्क रहन जरुरी छ ।' उनले प्रदूषणको समयमा सकेसम्म घरबाहिर ननिस्कन, निस्कनै परे अनिवार्य मास्कको प्रयोग गर्न र बिहानको समयमा बढी प्रदूषण हुने भएकाले 'मर्निङ वाक'मा ढिलो गरी निस्कन आग्रह गरे ।

काठमाडौं उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ अनुसार एक्युआई ३०० भन्दा बढी भएको अवस्थालाई विपद्का रूपमा लिइन्छ । यो विपद् रोक्नका लागि कार्ययोजनामा फोहोर नजलाउने, सडक सफा गर्न ब्रुमर तथा भ्याकुमको प्रयोग बढाउने, बालबालिका, ज्येष्ठ नागरिक र बिरामीहरूलाई विशेष सावधानी अपनाउन सार्वजनिक सूचना जारी गर्ने उल्लेख गरिएको छ ।

राष्ट्रिय वातावरण नीति, २०७६ मा प्रदूषण कम गर्नका लागि जल, वायु, माटो, ध्वनि, विद्युत्, चुम्बकीय तरंग, रेडियोधर्मी विकीरण, जोखिमपूर्ण रसायनिक प्रदूषण रोकथामसम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी कार्यान्वयन गरिने उल्लेख छ । प्रमुख सहरहरू, औद्योगिक प्रतिष्ठानलगायत प्रदूषणको जोखिममा रहेका क्षेत्रमा गुणस्तर मापन केन्द्र स्थापना र सञ्चालन गर्दै वायु, जल, ध्वनि गुणस्तरको नक्सांकन गरिने रणनीतिमा भनिएको छ ।

औद्योगिक तथा अन्य क्षेत्रबाट निष्कासन हुने प्रदूषित पानीको प्रशोधनको व्यवस्था तथा उद्योग र अन्य व्यवसायबाट निष्कासन हुने प्रदूषणयुक्त धुँवा, धूलो, पानीलाई व्यवस्थित गर्न वातावरणमैत्री प्रविधि कार्यान्वयनमा ल्याइने नीतिमा उल्लेख छ । घरभित्रको वायु प्रदूषणलाई न्यूनीकरण गर्नका लागि सौर्य तथा विद्युतीय चुल्हो, बायोग्याँस, सुधारिएको चुल्हो, चिम्नीजस्ता उपकरणहरूको प्रवर्द्धन गरिने र ऊर्जा किफायती भवन निर्माणमा जोड दिने नीतिसमेत सरकारले लिएको छ ।

प्रदूषण नियन्त्रणका लागि उत्सर्जनस्थल नक्सांकनका लागि विक्षेपणजस्ता नवीनतम विधिहरूको प्रयोग गरिने, पुनःप्रयोग गर्न नमिल्ने फोहोरलाई आवश्यकतानुसार फोहोर बिसर्जन क्षेत्र, हानिकारक फोहोर विसर्जन क्षेत्र भष्मीकरण यन्त्रको माध्यमबाट सुरक्षित तरिकाले बिसर्जन गरिने तथा औद्योगिक प्रतिष्ठान, अस्पताल वा अन्य कुनै स्थान विशेषबाट निस्कने फोहोरलाई एकीकृत भष्मीकरण यन्त्र स्थापना गरी विसर्जन गरिने रणनीतिमा उल्लेख गरिएको छ । *रासस*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MONASTIC CLEANING & CONTRACTING WLL

पूर्व स्वीकृति मिति २०८०/०३/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२६ | LT. No. 288633 | चलानी नं. ६०२०३९३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Executive | 6 | 0 | 4000 | १४५,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Data Analyzer | 9 | 0 | 2700 | ९९,००० | | | | | | | |
| 3 | Foreman | 15 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 4 | General Clean Worker | 17 | 10 | 1000 | ३६,३०० | | | | | | | |
| 5 | Helper | 10 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 6 | Manager Variety | 1 | 0 | 6000 | २१८,२२१ | | | | | | | |
| 7 | Sales Supervisor | 1 | 0 | 3000 | २१६,०५० | | | | | | | |
| 8 | Supervisior | 8 | 2 | 2500 | ९०,७३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ४ गते (16th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२२४/०७४/०७५

JALAJALA RECRUITMENT PVT.LTD
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL TAJ PROFESSIONAL CAR MAINTENANCE WORKSHOP

पूर्व स्वीकृति मिति २०८०/१०/१९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२६ | LT. No. 299332 | चलानी नं. ६०२१४२५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1000 | ३५,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : CROSSROADS TRANSPORTATION CORPORATION

पूर्व स्वीकृति मिति २०८०/११/११ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२६ | LT. No. 300495 | चलानी नं. ६०२१५३७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Mechanic | 1 | 0 | 1500 | ५३,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SALEH BEN ABDALOULI BEN MUSLAM AL-RAIQI For Meals

पूर्व स्वीकृति मिति: २०८०/१२/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२६ | LT. No. 302586 | चलानी नं. ६०२१७४९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1200 | ४२,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MUHAMMAD AWAD SALIM AL-ATWI TRADING ESTABLISHMENT

पूर्व स्वीकृति मिति: २०८०/१२/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२६ | LT. No. 302694 | चलानी नं. ६०२१७४९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1200 | ४२,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kitchen Worker | 1 | 0 | 1400 | ४९,७७५ | | | | | | | |

कम्पनी : RABOUA AL-SAMMAN CONTRACTING EST

पूर्व स्वीकृति मिति: २०८०/१२/१६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२६ | LT. No. 302826 | चलानी नं. ६०२१७६०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 5 | 0 | 2500 | ८८,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६४,०५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख ४ गते (16th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

Kapeel Manpower Pvt. Ltd.
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# संघीयताको मर्ममाथि दलहरूको प्रहार

देशमा लोकतान्त्रिक गणतन्त्रात्मक संविधान लागू भएयता तीन जना राष्ट्रपति बने । प्रधानमन्त्री तीन जना बने । तर मुख्यमन्त्री र प्रदेशमन्त्रीको हिसाब राख्न जनताले बिर्सिसकेका छन् । राख्नु पनि कसरी ? २८ जना त मुख्यमन्त्री नै बनिसकेका छन् । संघीयताको मूल मर्म शासनसत्ता जनताको हातमा पुग्नु हो । विकासको निर्णय जनताको हातमा पुग्नु हो । यसको मुख्य उद्देश्य विकासको रफ्तार बढाउनु हो । देशलाई समृद्ध बनाउन योगदान दिने किसिमको वैज्ञानिक शासन पद्धति हो ।

तर यहाँ विकासको साटो मुख्यमन्त्री र मन्त्री बन्ने रफ्तार चर्को छ । यही शैलीमै सरकार परिवर्तन भइरहने हो भने कुनै बेलाको गाविस अध्यक्षभन्दा बढी मुख्यमन्त्री बन्न बेर छैन । अहिले जनताबाट निर्वाचित प्रतिनिधिहरू विकासका पूर्वाधारमा ध्यान दिनुभन्दा आफू कसरी सरकारमा पुग्ने भन्ने विषयमा लागिपरेको देखिन्छन् ।

राजनीतिक दाउपेच प्रयोग गर्दै दलहरूले संघीयतालाई मुख्यमन्त्रीको 'कारखाना' नै बनाएका छन् । पछिल्लो निर्वाचन सम्पन्न भएको १६ महिना नपुग्दै प्रदेश सरकार परिवर्तनमा 'रेकर्ड' नै कायम गरेको छ । अघिल्लो निर्वाचनमा पाँच वर्षमा १४ मुख्यमन्त्री बन्दा यसपटक १६ महिनामै १५ जना मुख्यमन्त्री बन्ने निश्चित भएको छ ।

अहिले प्रमुख दलहरूले भित्रभित्रै संघीयतालाई कमजोर पार्न प्रदेश सरकारलाई हिर्काउने काम गरिरहेको देखिन्छ । सत्तामै भएका दलहरूले संविधानालाई सम्झौताको दस्तावेज भन्दै घुमाउरो पारामा विरोध गरिरहेको छ । कुनैबेला डा. बाबुराम भट्टराईमात्र संविधानको विरोधी देखिएका थिए । अहिले प्रतिनिधिसभाको प्रमुख दल नेपाली कांग्रेसले पनि संविधान संशोधनको मुद्दालाई जोडले उठाउन थालेको छ । गोदावरीमा सम्पन्न महासमितिमा कांग्रेसले धर्मनिरपेक्षताजस्ता विषयलाई घुसाएर जबरजस्ती संविधान संशोधनको छनक दिएको छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टी हिन्दूराष्ट्र पुनःस्थापना र प्रदेश खारेजीको मागसहित आन्दोलनमा छ । नयाँ दल राष्ट्रिय स्वतन्त्र पार्टीले पनि प्रदेशलाई स्वीकारेको छैन । यस्तो अवस्थामा दलहरू मिलेर प्रदेश तहलाई मादल बनाउने प्रयास गरिरहेको छ । कुनैबेला बदनाम दीपक मनाङेजस्ता पात्रलाई अविरल सरकारमा सामेल गराएर दलहरूले प्रदेशका बेइज्जत गराउने प्रयास जारी राखेका छन् । प्रदेशगत राजनीतिका कारण क्षेत्रीय दलहरूको उदय भएको छ । जुन ठूला दलले खतरा मानिरहेका छन् । त्यसैले ठूला दलहरू मिलेमतोमै क्षेत्रीय दललाई निमोठ्न प्रदेशमाथि प्रहार गरिरहेका छन् । पछिल्लोपटक नागरिक उन्मुक्तिलाई ठूला दलहरूले यसरी नै प्रयोग गरिरहेका छन् । यो संघीयताको मर्ममाथिकै प्रहार हो । जसले दलहरू स्वयं र संघीयतालाई नै कमजोर बनाइरहेको छ । यो दलहरूको गैरजिम्मेवारीपन हो । मुलुकलाई फेरि अस्थिरतातर्फ धकेल्ने कार्य तत्काल बन्द गरियोस् ।

# अर्थतन्त्र बलियो नभएसम्म वैदेशिक रोजगारी रोकिँदैन



▶▶ मंगलप्रसाद गुप्ता
प्रतिनिधिसभा सदस्य

> देशको अर्थतन्त्र बलियो नहुँदासम्म वैदेशिक रोजगारीको प्रक्रिया रोक्न सकिँदैन । जबसम्म मुलुकको अर्थतन्त्र राम्रोसँग बलियो हुँदैन यस्ता खालका समस्या भइरहेका हुन्छन् । तर यहाँ त वैदेशिक रोजगारीको विषयमा धमाधम भाषण दिने र तुरुन्तै रोक्नेजस्तो देखिन्छ तर यो रोक्ने कुरा आदर्शको कुरा होइन । यसका लागि नीतिगत विषय प्राथमिकतामा पर्न आवश्यक छ ।

संसद् प्रधान रहने प्रजातान्त्रिक शासन व्यवस्थामा संसदीय व्यवस्थालाई सबैभन्दा राम्रो मानिन्छ । यसलाई विश्वव्यापी रूपमा स्वीकार गरिएको छ । कानुनी राज्य, शक्ति पृथकीकरणसमेतका असल शासन अभ्यासलाई अँगाल्ने यो व्यवस्थाबाट धेरै राष्ट्र सफल पनि भएका छन् । देशको विकास पनि भएको छ ।

संसदीय व्यवस्थामा केही त्रुटि छन् भने ती नेतृत्वका कारणले भएका हुन् । ती देशमा भएका विकासका आधार संसदीय व्यवस्थाका उपज हुन् । प्रणालीका हिसाबले पनि यो व्यवस्था धेरै राम्रो हो । यसको सुन्दर पक्ष भनेकै आवधिक निर्वाचन हो । जनादेशमार्फत सरकारको निर्माण हुन्छ । जनादेशमा गएपछि यसलाई सञ्चालन गर्न त्रुटि हुन्छ भने त्यो नेताहरूका कारणले त्रुटि भएको हो । उहाँहरूको स्वार्थ, संस्कार, विचार, संस्कृति र चरित्रले मात्रै समस्या हुन सक्छ तर राजनीतिक प्रणालीका हिसाबले यो धेरै उन्नत व्यवस्था हो ।

नेपालमा संसदीय व्यवस्थालाई टिकाइराख्न, मजबुत बनाउन अब सबैभन्दा बढी भ्रष्टाचार निवारणमा ध्यान दिनुपर्छ । समाजमा असल वा खराब कस्तो पात्र उम्मेदवार हुने भनेर जनतामा बोध गराउन आवश्यक छ । जनताले भोट दिने वा नदिने अथवा कस्तो चरित्रको मान्छेलाई भोट दिँदा विकास हुन सक्छ जनतामा बोध हुनुपर्छ । संसद् चलाउँदा पनि दलका सांसदमाथि निगरानी बढाउनुपर्छ । स्वार्थको टकराबसँगै भ्रष्टाचारले प्रश्रय पाउनु हुँदैन ।

संसदीय समितिको कानुन न्याय तथा मानवअधिकार समितिको सदस्यका रूपमा म पनि कार्यरत छु । संसदीय समितिले राम्रोसँग नै काम गरेको हुनुपर्छ । समितिमा कहाँबाट के गडबड भइरहेको छ त्यो कुरा एकजना सदस्यसँग मात्रै निर्भर छैन । संसदीय समितिले गरेको काम प्रक्रियाका आधारमा त सन्तुष्ट नै छु तर परिणामका आधारमा केही त्रुटि हुनसक्छ । संसदीय विभिन्न समितिले जसरी प्रभावकारी रूपमा काम गर्नुपर्ने हो त्यसरी काम नगरेको कहिलेकाहीँ अनुभूति हुन्छ । यसलाई जति बढी प्रभावकारी बनाउन सकिन्छ त्यति नै यसको गरिमा बढ्छ । संसदीय समिति भनेको एक प्रकारको 'मिनी संसद्' नै हो ।

देशको अर्थतन्त्र बलियो नहुँदासम्म वैदेशिक रोजगारीको प्रक्रिया रोक्न सकिँदैन । संसारका अन्य देश पनि छन् जहाँबाट श्रमिकहरू कामका लागि निरन्तर विदेश गइरहेका छन् । फिलिपिन्स, कम्बोडिया, भियतनाम, पाकिस्तान, भारत, बंगलादेशलगायतका तमाम देश छन्, तिनीहरूले श्रमिकलाई रोक्न सकेका छैनन् । जबसम्म मुलुकको अर्थतन्त्र राम्रोसँग बलियो हुँदैन यस्ता खालका समस्या भइरहेका हुन्छन् । तर यहाँ त वैदेशिक रोजगारीको विषयमा धमाधम भाषण दिने र तुरुन्तै रोक्नेजस्तो देखिन्छ तर यो रोक्ने कुरा आदर्शको कुरा होइन । यसका लागि नीतिगत विषय प्राथमिकतामा पर्न आवश्यक छ ।

मुलुकको अर्थतन्त्रलाई कसरी बलियो बनाउने भन्ने विषयमा सोच्नुपर्छ । यो रोक्ने कुरा कसैको बसको कुरा होइन यो त एउटा परिस्थिति हो । अर्थतन्त्र नै मूल कारण हो जसले गर्दा वैदेशिक रोजगारीमा पलायन बढ्दो छ । यसलाई व्यवस्थित र पलायन रोक्न मुलुकका उद्योगमा औद्योगिकीकरण, कृषिमा आधुनिकीकरण गर्नुको विकल्प छैन । तर यी सबै कुरा देशको अर्थतन्त्रसँग नै जोडिएर आउँछ । अहिलेको अर्थतन्त्र सन्तोषजनक छैन । वास्तवमा भन्ने हो भने अर्थतन्त्रलाई सम्हाल्न गाह्रो भएको छ ।

अहिलेको निर्वाचन प्रणाली खराब होइन, यसको पद्धति पनि खराब होइन । यसबाट निर्वाचित हुने जनप्रतिनिधि जनउत्तरदायी हुनुपर्छ । जनताको शिक्षाको स्तर, चेतना वा जागृतिका आधारमा मतदान गर्दा त्यसले नराम्रो परिणाम दिएको छ । अर्को, गरिबीले गर्दा चुनावमा पैसाको प्रभाव पनि बढी छ ।

देशमा भ्रष्टाचार तलदेखि माथिसम्म छ । यसलाई कसरी निवारण गर्न सकिन्छ यो मुख्य मुद्दा हो । यो गठबन्धन सरकार एउटा प्रक्रियाको रूप हो । संसारमा गठबन्धनको सरकार कहिलेकाहीँ हुने कुरा हो । तर हामीकहाँ नियमितजस्तै अभ्यास हुन थालेको छ । यो संस्कारका रूपमा विकास हुन थालेको छ । छिटोछिटो गठबन्धन बनाउने र बिगार्ने खेल चलेको छ । देशको राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक अवस्थामा पनि यसको असर परेको छ ।

कपिलवस्तुको निर्वाचन क्षेत्र नं ३ जिल्लामै सबैभन्दा पिछडिएको क्षेत्र हो । यस क्षेत्रको विकास र समृद्धिका लागि म दौडधुप गरिरहेको छु । संघ सरकार र प्रदेश सरकारका योजना यस क्षेत्रमा ल्याउन मेरो प्रयास जारी छ । यस क्षेत्रमा सबैभन्दा बढी जरुरी कुरा ड्राइपोर्ट (सुक्खा बन्दरगाह) रहेछ । यो हुनेबित्तिकै यहाँको निर्वाचन क्षेत्रको विकास बहुआयामिक हुन्छ । अर्कोतर्फ, किसानले समयमा मलखाद पाएका छैनन् । उनीहरूलाई खास बेलामा रासायनिक मलको अभाव हुनु हुँदैन । यस निर्वाचन क्षेत्रमा सिँचाइको अभाव देखिन्छ । सिँचाइका स्रोतको पहिचान गरी सञ्चालन हुनुपर्छ । किसानका उत्पादन बढाउने एकमात्र विकल्प भनेको सिँचाइ र मलखादको व्यवस्थापन हो । यहाँ केही उद्योग छन्, यसलाई पनि बढाउनु आवश्यक छ । सुक्खा बन्दरगाह हुनेबित्तिकै उद्योगसँगका विषय जोडिएर आउँछन् । कपिलवस्तुसँग जोडिएको नौमुरे आयोजना पनि छ । प्युठान, अर्घाखाँची र कपिलवस्तुसँग जोडिएको यस आयोजनालाई राप्ती सिँचाइ आयोजनासँग जोडेर विकास गर्न सकिन्छ । यो जलविद्युत् आयोजनामार्फत जिल्लाभर सिँचाइ गर्नसक्ने प्रशस्त सम्भावना रहेको छ ।

जिल्लामा सडक पूर्वाधारको विकास पनि भइरहेको छ । केही स्थानमा सडक बनेका छन् र केही निर्माणका क्रममा छन् । हुलाकी सडक यहाँको पुरानो सडक हो । 'लिंकरोड' पनि पुरानै हो । सडक निर्माणसँगै यहाँ सामाजिक विकासका गतिविधि पनि हुन थालेका छन् । यसमा थप गर्नुपर्ने कृषि सडक हो । यसबाट कृषि क्षेत्रलाई पनि सहयोग मिल्छ । निर्वाचन क्षेत्रमा संख्यात्मक रूपमा विद्यालय छन् तर गुणस्तर दयनीय अवस्थामा रहेको छ । यसको विकासबाट नै दक्ष जनशक्तिको उत्पादन हुन्छ । त्यसैले पनि यसको विकासमा जोड दिन आवश्यक छ । यस क्षेत्रमा अस्पतालको अवस्था पनि दयनीय छ । गुणस्तरीय अस्पताल नहुँदा स्थानीयवासी उपचारका लागि भारत जान बाध्य छन् ।

***(प्रतिनिधिसभा सदस्य गुप्तासँग राष्ट्रिय समाचार समिति, नेपालगञ्जका समाचारदाता युवराज पाण्डेले गरेको कुराकानीमा आधारित)***

## मननयोग्य

### चाणक्य नीति

अग्लो शरीर ठुलो उठेको निधार, लामो केश, तेजिला आँखा राजषि पहिरनले गर्वित हिँडाइ । सतर्क दृष्टिले उनले सबैतिर हेरे नन्दका आसनको छेउमा रहेको अगाडिको मुख्य आसनमा बसे ।

केही समयपछि फेरि घोषणा भयो-राज्यकिशोरमणिमगधाधिपति महाराज महापद्मानन्दको सवारी हुँदैछ । नन्दको प्रवेशमा सबै दरबारिया उभिए । सेतो कलाप, भद्दा शरीर, लोलाएका आँखा, गलामा मोती र मणिकका माला, शिरमा रत्नजडित मुकुट, खुट्टा लर्बराउँदै दरबारमा नन्दको प्रवेश भयो ।

उनका अगल-बगलमा नवयौनाहरू उत्तेजक पहिरनमा सजिएर हिँडिरहेथे । दरबारको बीचमा दिव्य सिंहासनमा नन्द बसे । सँगै आएका युवतीले मखमलको पंखा लिइ अलगबगलबाट हम्कन लागे । एउटी पातलो कपडा पहिरिएकी मोहिनी मूर्तिले सुनका भाँडामा मदिरा खन्याएर नन्दतिर बढाई समाउनसाथ सबैले ताली पिटे । त्यसपछि एउटी सुन्दरीको प्रवेश भयो-पूर्णिमाका चद्रमाजस्तै चम्किने, मुखमण्डल, मदिराले लट्ठ भएजस्ता दुई आाखा, कालो बादलजस्तो केशरासीद्वारा आफ्नो सौन्दर्य उनी स्वयम् प्रस्तुत गरिरहेकी छन् । उनका दुई पोटिला स्तन, पातलो कम्मर, पुष्ट नितम्ब सबैलाई आकर्षित पार्न पर्याप्त थिए ।

चिल्लो भुइँमा ती सुन्दरी माछा जस्तै उफ्रीकी नाचिरहेकी छन् । उनको शरीरमा छैन भन्ने भान परेको छ । धेरै नाचिक थाकेकी ती सुन्दरीले राजालाई ढोगिन् ।

नृत्यको समाप्तिपछि त्यहाँ सपनाबाट बिउझेजस्तै (जागेजस्तै) दोगिन । नन्दले असफल भरिएका थैली नर्तकीतिर क्योंक । यसका सँगसँगै त्यस दरबारमा बसेका सबैले रूपैयाँका भेटी चढाए रूपैया नै रूपैयाको बिस्कुन त्यो ठाउँ देखियो ।

यी सब देखी चाणक्यको को उनको मुखमा प्रकट भइरहेथ्यो। सोच्दै थिए कि के यो मदान्ध राजाका हातमा मगध राज्य सुरक्षित छ ? यदि सिकन्दरले यस राज्यमा लडाई गरेका भए त्यो आँधी रोक्न सक्ने क्षमता थियो र नन्दमा ? राम्रो नै भयो सिकन्दर लडाई नै नगरी फर्केर गयो तर फेरि पनि त सिकन्दर फर्केर आउन सक्छ । किन कि, आम्भी र पुरु सिकन्दरका अधिनमा गई नै सके । क्रमशः




# म पनि एनारने बन्छु !

सात समुद्रपारिबाट ठाइलोले मोबाइलबाट भिडियो कल गर्दै कमल दाइलाई भन्दै थियो, 'थाऽ पाउनु भो दाइ, यहाँ पनि फुटचो ? ठाइलोको कुरा कमल दाइले बुझे कि बुझेनन् कुन्नि हो र ? भन्दै उत्तर फर्काइदिए । ठाइलोले फेरि भन्यो- जहाँ गए पनि यो नेपालीहरू कहिल्यै नसुध्रिने भए । गुट फुटमै रमाउने ।

कमल दाइले भने- हो त के भाका हुन् । के सिके हो विदेशाँ बसेर पनि । हिजो गाउँमा बसेको भन्दा पनि केही फरक देखिएनन् ।

ठाइलोले भन्यो- हो नि दाइ यस्तो पनि गर्न हुन्छ त ? सबलाई पद चाहिएको छ । पदका लागि जे गर्न पनि तयार हुने ।

कमल दाइले फेरि उत्तर फर्काए- हो नि भाइ नेपालीहरूलाई नानीदेखि लागेको झोले बन्ने बानी कहाँ छुट्छ र ! देश छोडेर जाने, विदेश पुगेर देशलाई सत्तोसराप गाली गर्ने ? खै हाम्रा पुर्खाले त यस्तो कुरा सिकाएका थिएनन् क्यारे ? के सभ्यता सिके सिके !

आफ्ना पतिदेवको कुरा सुनेर प्याकुली भान्साकोठाबाट बाहिर निस्केर भनिन्- सिके सिके राम्रा कुरा सिके । तिमी जस्ताका कुरा सुने यी विदेशाँ बस्नेहरूको भाउ बढेको बढ्यै छ । यिनको भाउ बढ्नेगरी किन कुरा गर्नु पऱ्यो !

प्याकुलीको कुरा सुनेर कमल दाइको पनि रिसको पारो अलि माथि बढ्छ । 'नकरा, उता जाऊ । यहाँ कस्तो कुरा भाको छ । खाली किचकिचे कुरा गरेको छ ।'

'अँऽ मैले बोलेपछि किचेकिचे कुरा गरेको त हुन्छ नि ? झाँक्रीले त्यसै भनेकी हुन् र ? बिहान उठ्यो, आँखाको चिप्रा पुछ्न नपाउँदै देशलाई गाली गऱ्यो, नेतालाई गाली गऱ्यो । अनि फेरि झण्डा भिरेर के-के न राष्ट्रवादी बन्न खोज्ने एनारदेहरू !'

'यता फोनमा कुरा गरिराको देखेनौं तिमीले ? विचराहरू वहाँ रातभर दिनभर काम गर्नपर्छ बल्लबल्ल फुर्सद पाएर फोन गरेको छ । त्यसमा पनि तिम्रो कचकचले डिस्टर्ब !'

उताबाट ठाइला भन्छ- ल ल दाइ, पछि गफ गरौंला नि एक छिनमा काम गर्न हिँड्नु छ । त्यहाँ जस्तो कहाँ छ र ? यहाँ त काम नगरे मुखमा माड पनि लाग्दैन । सामाजिक सञ्जालमा बौलाको जस्तो कहाँ हुन्छ र ! भाउजुले भनेको कुरा ठीकै हो दाइ ।

उताबाट ठाइलाको कुरा सुनेर प्याकुली फेरि भन्छिन्- देख्यौ ? मैले कचकच गरेको रै'छ त ? उता काम नगरे मुखमा माड लाग्दैन रे । अनि नेपालाँ काम गर्न लाज हुने उता गएपछि जस्तो पनि काम गर्ने अनि फेरि यही देशलाई गाली गर्ने ? यस्ता नारनेहरूले नै हो देश बन्न नदिने । हो कि होइन ठाइलाबाबु लु भन्नुस् त ?

टाढैबाट कमल दाइको मोबाइलको भिडियो कलमा प्याकुलीले आवाज फालिहाल्छे । भाउजुको कुरा सुनेर खित्का छाड्दै ठाइलाले झटारो हान्छन्- हो भाउजु यो विदेशाँ आउने बस्नेहरूको कुरा नै ठूलो हुने । दिनभर गधाजस्तो जोतिने हुन् । अनि सामाजिक सञ्जाल हेरेर देशविरुद्ध विषवमन गर्ने हुन् । कम गाह्रो छ । त्यहाँको पैसाको तुलनामा पो यहाँको पैसा धेरै हो त । यो पनि देश हो र ? देश त हाम्रै हो स्वर्ग । तर के गर्नु स्वर्गजस्तो देशलाई नर्क बनाए ।

कमल दाइ केही बोल्दैनन् । प्याकुलीले नै जवाफ दिन्छन्- हेर बाबु त्यहाँ बस्ने देश र नेतालाई गाली गर्ने अनि त्यही नेता त्यहाँ आएपछि भगवान् नै आएजस्तो गर्ने झोलेहरू ।

भाउजुलाई पनि झोलेले हैरान पारेजस्तो छ । हो नि त्यहाँका र यहाँका झोले एउटै त हुन् । मुखले एउटा कुरा गर्ने व्यवहारले अर्को कुरा गर्ने ? हेर्नुस् बाबु चित्त नदुखाउनु होला यो देशको चिन्ता भनेको रेमिटचान्स भित्र्याउन मलेसिया दुबई, कतार गएकाहरूलाई मात्र हो । अम्रिका, अस्ट्रेलिया जाने त यो देशलाई कंगाल बनाएर गएका हुन् । न त तिनले देशलाई माया गर्छन् न त देशको हित नै गर्दछन् । एनारनेका नाममा आफ्नो स्वार्थपूर्ति गर्नेमात्र हुन् ।

भाउजुको कुरामा ठाइला सही थाप्छन्- हो भाउजु वास्तविकत नै त्यही हो । सामाजिक सञ्जालमा देशलाई गाली गर्नेले देशलाई कसरी माया गर्छ ? हिजो देशलाई गाली गर्दै विदेश जाने अनि अहिले दुई-चार पैसा कमाएर देशविरुद्ध बोल्नेहरू बढ्न थाले ।

कमल दाइ अलमल्ल परेका छन् । ठाइला र प्याकुलीको कुरा सुनेर दंग पनि परेका छन् । 'कुरा त तिमीहरूका पनि ठीकै हो तर के गर्नु ? आफू त जता हावा लाग्यो त्यतै बग्ने राजनीतिक प्राणी परियो । सुन्ने हो बस्ने हो ।'

प्याकुलीले कमल दाइलाई पनि छाडिनन् । 'त्यही भएर त झोले भनेका हुन् नि । तिम्रा दलले जे गरे पनि ठीक अरूले गरे बेठिक !'

प्याकुलीको कुराले कमल दाइलाई निकै नै मन दुखेको जस्तो देखियो । धेरै झोले झोले भनेको भएर होला विचरा कमल दाइ सत्ता र शक्तिको पछि परेकाले भोलि नै देश छाडौंजस्तो भयो रे ! 'हेर भाइ, यस्तै झोले झोले भन्ने बढे भने म पनि एनारने बन्ने हो ? झूठको खेती, भ्रमको चर्चा । देशको नाममा आफ्नै मात्र स्वार्थ बोकेर हिँड्ने भनेकै एनारने हो ।'

'हो, बल्ल बुद्धिको घैटोमा घाम लाग्यो जस्तो छ,' प्याकुलीले प्याट्ट बोलिहाली । यता बूढाबुढीको किचलो चलिरहेका बेला उता ठाइला भने दंग परिरहेका छन् ।

यो एनारने भनेपछि सबले मान्ने ! देशलाई गाली गरे पनि नेतालाई गाली गरे पनि पैसाको धाकले सबैलाई पछार्न पनि पाइने । यताको पनि नागरिक उताको पनि नागरिक बन्न पाइने । अनि देश बनाउने भन्दै चन्दा उठाएर आफ्नै स्वार्थमा चलाउने भनेकै एनारने हो । हेर भाइ अब म पनि एनारने बन्ने हो ? कमल दाइले बल्ल चुरो कुरो खोले !

'उता बसेर नेतालाई गाली गरो, उतै नेता आएपछि गणेश नै बन्यो । बाउबाजेले जोगाइदिएको घरखेत बेचेर सबै लिएर गाकोले देशको चिन्ता गर्न अलि नसुहाउने रैछ,' प्याकुलीले फेरि मुख खोली ।

ठाइला बोल्न मन लागेर पनि बोल्न सकिरहेको छैन । एनारनेहरूको झगडा र कमल दाइ र प्याकुलीको झगडा उस्तैउस्तै हो । एकैछिनमा मिलिहाल्ने ! एकैछिन झगडा गरेजस्तो गऱ्यो अनि कुन्नि के-के बाँडफाँड गऱ्यो मिलिगो । पुष्प-ओली मिलेजस्तो । एनारने बन्नुका फाइदै त्यही हो । दुवै हातमा लड्डु ।

ठाइला भन्छन्- देश बनाउने कोही छैन है दाइ दुई/चार जना हो कि हो कि जस्तो देखिन्छन् । अनि फेरि कसले के पोलिदिन्छ फुस्किन्छन् । त्यसैले कसैको भर नपरे पनि हुन्छ । त्यसमाथि पनि त्यो एनारने भन्नेको त कहिल्यै झुक्केर पनि विश्वास नगर्नू ।

ठाइलाले नै त्यत्ति भने पनि कमल दाइको एनारने भन्ने सपना पूरा हुने पो देखियो ? तर प्याकुलीले भनेजस्तै झोले त झोले नै हो नि, चाहे एनारने होस् चाहे दले झोले नै किन नहोस् । स्वार्थका पोकाहरू हुन् है दाइ, सचेत बन्नु । सचेत रहनु । अर्को चोटी यसैगरी वात मारौंला । भन्दै गर्दा कमल दाइको इन्टरनेट नै कट !

# कागबेनी र मुक्तिनाथमा भक्तजनको घुइँचो



**म्याग्दी-** मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा रहेका धार्मिकस्थल कागबेनी र मुक्तिनाथ मन्दिरमा सोमबार भक्तजनको घुइँचो लागेको छ । कालीगण्डकीको तटमा अवस्थित कागबेनीमा औंसी तिथि पारेर दिवंगत आफन्तको नाममा पिण्डदान र पुण्य प्राप्तिका लागि मुक्तिनाथ मन्दिरको दर्शन गर्नेको बिहानैदेखि घुइँचो लागेको हो ।

कागबेनीस्थित जनशान्ति माविका शिक्षक मनबिर किसानले दिवंगत आफन्तको स्मरणमा पिण्डदान र तर्पण गर्नेहरूको बिहान ५ बजेदेखि नै कालीगण्डकी किनारमा घुइँचो लागेको जानकारी दिए । 'चैते दसैंअघिको औंसी तिथिमा कागबेनीमा श्रद्धा र तर्पण गरे पितृले मोक्ष पाउने धार्मिक विश्वास रहेको छ,' उनले भने, 'नेपालका सबैजसो जिल्लाका साथै भारतबाट आएका हजारौं भक्तजनले एकै दिन कागबेनीमा पिण्डदान गरेका छन् ।'

बडादसैं र चैतेदसैं सुरु हुने औंसीमा पिण्डदान गर्दा दिवंगत भएकाले मुक्ति पाउने धार्मिक विश्वास छ । कागबेनीमा पिण्डदान गरेपछि भक्तजन समुद्री सतहदेखि तीन हजार ८०० मिटर उचाइको मुक्तिनाथ मन्दिरको दर्शन र पूजाआजा गर्न पुग्दछन् ।

मुक्तिनाथ मन्दिरका पुजारी कृष्णप्रसाद सुवेदीका अनुसार विष्णु भगवान्को दर्शन, मूर्तिलाई पूजाआजा, १०८ धारामा स्नान र परिसरमा रहेका दुईवटा पोखरीमा डुबुल्की मारेमा जान अञ्जानमा गरेका पाप नष्ट भई पुण्य मिल्ने धार्मिक विश्वास छ ।

जिल्ला प्रहरी कार्यालय मुस्ताङका अनुसार आइतबार एक हजार २०७ वटा गाडीमा ११ हजार १९२ नेपाली र ३४७ जना विदेशी, शनिबार ४३७ वटा गाडीमा तीन हजार ५२७ नेपाली र ४५६ विदेशी पर्यटक भित्रिएका थिए । शनिबार र आइतबार मुस्ताङ भित्रिएकामध्ये अधिकांश कागबेनीमा पिण्डदान र मुक्तिनाथ दर्शन गर्ने भक्तजन रहेका प्रहरी नायब उपरीक्षक भोजराज पाण्डेले बताए ।

'तीर्थयात्री र पर्यटकलाई लक्षित गरेर जोमसोममा प्रहरीले स्वास्थ्य सहायता कक्ष सञ्चालन गरेको छ,' उनले भने, 'तीर्थयात्रुको सुरक्षा, पूजा व्यवस्थापन र यातायात व्यवस्थापनमा पनि सुरक्षाकर्मी परिचालन गरिएको छ ।'

बडादसैं र चैतैदसैंअघिको सोह्रश्रद्धा तथा औंशी तिथिमा कागबेनीमा दिवंगत आफन्तलाई पिण्डदान र मुक्तिनाथ दर्शन गर्ने तीर्थयात्रीको भीड लाग्ने गर्दछ । गत बर्खामा बाढीले क्षति पुऱ्याएको कागबेनीमा अस्थायी संरचना बनाएर पिण्डदान गर्ने व्यवस्था मिलाएको कागबेनीका अगुवा धारा गुरुङले बताए ।

वार्षिक परीक्षापछि विद्यालय बिदा भएको, अनुकूल मौसमका कारण मुस्ताङ घुम्नेको पनि चहलपहल बढेको छ । बिदाको फुर्सदमा परिवारसहित मुक्तिनाथ हुँदै कोरलासम्म घुम्न निस्किएको धवलागिरि गाउँपालिका-७ ताकमका शिक्षक जीवन पौडेलले बताए । *रासस*

## नेतृत्व छान्न इलामका मतदाता उत्साहित

**इलाम-** इलाम क्षेत्र नं २ का मतदाता आफ्नो जनप्रतिनिधि छान्न उत्साहित छन् । यहाँ आगामी वैशाख १५ गते उपनिर्वाचन हुँदै छ । गत भदौ २५ गते यस क्षेत्रबाट निर्वाचित प्रतिनिधिसभा सदस्य सुवासचन्द्र नेम्बाङको निधन भएपछि यहाँ उपनिर्वाचन हुन लागेको हो । उपनिर्वाचनमा २० उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

इलाम नगरपालिका-८ महमाईका कुबेर राईलाई उपनिर्वाचनको चहलपहलले उत्साहित बनाएको छ । 'सात महिनादेखि हामीले चियाको मूल्य, दुग्ध उत्पादनको बजार, मेची राजमार्गको अस्तव्यस्त अवस्थालगायत समस्या संघीय संसद्मा उठाउने जनप्रतिनिधि पाउन सकेका छैनौं,' उनले भने, 'हाम्रा समस्याको उठान गर्ने प्रतिनिधिको खोजीमा छौं ।'

यस्तै सन्दकपुर गाउँपालिका-३ का विशाल ढकालले उपनिर्वाचनपछि सात महिनादेखि संकलन गरेर राखेका गुनासा नयाँ नेतृत्वलाई सुनाएर समाधान माग्ने बताए । 'अहिले घरघरमा आएर सबै उम्मेदवार भोट माग्दै हुनुहुन्छ । हामी सबैलाई मत दिन्छौं भनिरहेका छौं । तर योग्य उम्मेदवारलाई इलामवासीले चुन्छन्,' उनले भने, 'हाम्रा गुनासा र समस्याका चाङ छन् । समाधान गर्न निर्वाचित प्रतिनिधिलाई दबाब दिन्छौं ।'

फाकफोकथुम गाउँपालिका-४ का रघुनाथ भण्डारीले सडक, स्वास्थ्य, शिक्षा र कृषिमा परिवर्तन ल्याउन सक्ने उम्मेदवार छनोट गर्ने सोचमा रहेको बताए । 'सडकको मर्मत छैन, कृषिमा अनुदान छैन, राम्रो अस्पताल र गुणस्तरीय शिक्षा पाउन सकेका छैनौं । अब निर्वाचित हुने प्रतिनिधिले हाम्रा यी माग सम्बोधन गर्नुपर्छ ।'

सत्ता साझेदार दल नेपाल कम्युनिस्ट पार्टी एमाले र नेपाल कम्युनिस्ट पार्टी एकीकृत माओवादीका साझा उम्मेदवार सुहाङ नेम्बाङ, नेपाली कांग्रेसका डम्बर खड्का र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट मिलन लिम्बू चुनावी मैदानमा छन् । यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीका लक्ष्मी गुरुङ, नेकपा एकीकृत समाजवादीका जितबहादुर राई, जनमत पार्टीका प्रेमकुमार थाम्सुहाङ, पहिचानवादीका डकेन्द्रसिंह थेगिम, नेपाल मजदुर किसान पार्टीका श्याम दर्जी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपालका गणेशबहादुर चौहान, राष्ट्रिय मुक्ति आन्दोलन नेपालका जयवन्तविक्रम शाह, नेसनल रिपब्लिक नेपालका धनराज राना मगर, मंगोल नेसनल अर्गनाइजेसनका मणिबहादुर लिम्बू र नेपाली जनता दलका रेशमबहादुर सुनुवार पनि चुनावी प्रतिस्पर्धामा छन् ।

यसैगरी, स्वतन्त्र उम्मेदवारहरू क्रमशः डाकप्रसाद गौतम, दीपेश बोहोरा, मनोज निरौला, योगेन्द्र गुरुङ र राज बस्याल पनि चुनावी भिडन्तमा सामेल छन् । उपनिर्वाचन सम्पन्न गर्न निर्वाचन आयोगले जिल्ला न्यायाधीश केशवप्रसाद घिमिरेलाई मुख्य निर्वाचन अधिकृत तोकेको छ । इलाम-२ मा ७९ मतदानस्थल र १४९ मतदान केन्द्र रहेका छन् । यी केन्द्रमा ८९४ कर्मचारी परिचालन हुने छन् । आयोगका अनुसार आज (चैत २७ गते) उम्मेदवारको अन्तिम नामावली प्रकाशन र उम्मेदवारलाई चुनाव चिह्न प्रदान गरिने छ । भोलि चैत २८ देखि वैशाख १२ गतेसम्म प्रचारको अवधि तोकिएको छ । *रासस*

## मुस्ताङ भित्रने पर्यटक र तीर्थयात्रीको स्वास्थ्य परीक्षण

**म्याग्दी (प्रस)**- मुस्ताङ भित्रने पर्यटक र तीर्थयात्रीको स्वास्थ्य परीक्षण गर्न थालिएको छ । गण्डकी प्रदेश प्रहरी अस्पताल पोखराले जिल्ला प्रहरी कार्यालय मुस्ताङसँग समन्वय गरेर घरपझोङ गाउँपालिका-४ जोमसोमस्थित पर्यटक प्रहरी चोक पोस्ट परिसरमा आइतबार शिविर स्थापना गरेर स्वास्थ्य परीक्षण गर्न थालेको हो ।

प्रहरी नायब उपरीक्षक भोजराज पाण्डेले तीर्थयात्रा, भ्रमण, पदयात्रा र अवलोकनका लागि मुस्ताङ आउने आन्तरिक तथा बाह्य पर्यटकको स्वास्थ्य सुरक्षालाई ध्यानमा राखेर शिविर सञ्चालन गरिएको जानकारी दिए । 'चैते दसैंको सोह्र श्राद्ध तिथि पारेर कागबेनीमा पिण्डदान र मुक्तिनाथ दर्शनका लागि तीर्थयात्रीका साथै अनुकूल मौसमसँगै विद्यालय र विभिन्न संघसंस्थाबाट मुस्ताङ घुम्न आउनेको चाप बढेको छ,' उनले भने, 'लेक लाग्ने (अक्सिजन कमी हुने), बिरामी हुने, ढल्ने जस्ता समस्या सिर्जना भई मानवीय क्षति हुन सक्ने भएकाले स्वास्थ्य परीक्षण गर्न थालिएको हो ।'

जिल्ला प्रहरी कार्यालयको तथ्यांकअनुसार चालु आर्थिक वर्ष २०८०/८१ को हालसम्ममा दुई नेपाली र छ विदेशी नागरिकको मुस्ताङमा लेक लागेर मृत्यु भएको छ । पछिल्लो तीन वर्षमा लेक लागेर २८ जनाले ज्यान गुमाएका छन् । ज्यान गुमाउनेमा अधिकांश समुद्री सतहदेखि तीन हजार ८०० मिटर उचाइमा रहेको मुक्तिनाथ दर्शनका लागि आएका तीर्थयात्री हुन् ।

एक हप्तासम्म सञ्चालन हुने शिविरमा अशक्त, ज्येष्ठ नागरिक र दीर्घरोगीको स्वास्थ्य परीक्षण गरी परामर्श तथा प्राथमिक उपचारको व्यवस्था मिलाइएको छ । प्रदेश प्रहरी अस्पताल गण्डकीका स्वास्थ्य अधिकृत डा. मृदुषा श्रेष्ठको नेतृत्वमा तीन स्वास्थ्यकर्मी खटिएको सो शिविर सञ्चालन गर्न मुस्ताङ अस्पतालले प्राविधिक सहयोग गरेको छ ।

समुद्री सतहदेखि दुई हजार ५०० मिटरभन्दा माथिको उचाइमा अक्सिजनको कमीले स्याँ-स्याँ हुने, टाउको दुख्ने, वाकवाकी हुने, रिंगटा लाग्ने, आँखा धमिलो हुने, निद्रा नलाग्ने, खान मन नलाग्ने, फोक्सो सुन्निने, स्मरण शक्ति हराउँदै जाने र सास फेर्न गाह्रो हुन्छ । प्रहरीले म्याग्दीको सिमानामा रहेको घाँसामा पनि पर्यटक र तीर्थयात्रीलाई अक्सिजनको कमीका कारण हुने स्वास्थ्य समस्याका बारेमा सचेतनामूलक कार्यक्रम गरेको छ ।

मुस्ताङका प्रमुख जिल्ला अधिकारी जनकराज पन्तले प्रहरीको स्वास्थ्य शिविर र सचेतनामूलक कार्यक्रमले अक्सिजनको कमीका कारण मानवीय क्षति न्यूनीकरणमा सहयोग पुग्ने अपेक्षा गरिएको बताए । मुस्ताङमा आइतबार एक हजार २०७ सवारीसाधनमा ११ हजार १९२ नेपाली र ३४७ बाह्य पर्यटक भित्रिएको प्रहरीको तथ्यांक छ । शनिबार ४३७ सवारीसाधनमा तीन हजार ५२७ नेपाली र ४५६ विदेशी पर्यटक भित्रिएका थिए ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**प्रथमपटक प्रकाशित मितिः २०८०/१२/२७**

यस **सि.एन.एन नेटवर्क प्रा. लि.** अनतर्गत सूचना विभागमा दर्ता भएको www.canadanepal.com दर्ता नं १२८१/०७५-०७६ मा अबको मितिबाट कम्पनीको नाम परिवर्तन गर्ने निर्णय गरिए साथै **सि.एन.एन नेटवर्क**को ठाँउमा **क्राउन डिजाइन एण्ड रिसर्च सेन्टर प्रा. लि.** को नाममा परिवर्तन गरिने छ ।

### काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०८०/१२/२७**

यस श्रीकृष्ण सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व. २०७९/०८० मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको साल जातको विभिन्न ग्रेडको गोलिया थान २४ को ६८८.६८ घ.फि., असना जातको ए ग्रेडको गोलिया थान १ को २८.८९ घ.फि. गोलिया काठ तथा साल र असना मिश्रित २.५० चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीका लागि यस समूहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ । पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री श्रीकृष्ण सामुदायिक वन उपभोक्ता समूह**
**मधुवन नगरपालिका-४ सिमलपुर बर्दिया**


## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : B & S CO. FOR RESTAURANT & FOOD EQUIPMENT MANAGEMENT.**

पूर्व स्वीकृति मिति : २०८०/१०/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२६ | LT. No. 299927 | चलानी नं.६०२१४८२८

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Baker Assistant | 3 | 0 | 130 | ५६,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Commi / Waiter | 5 | 0 | 130 | ५६,०२५ | | | | | | | |
| 3 | Pastry Cook | 4 | 0 | 150 | ६४,६४० | | | | | | | |
| 4 | Runner | 6 | 0 | 120 | ५१,७१५ | | | | | | | |
| 5 | Steward | 6 | 0 | 100 | ४३,०९५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ४ गते (16th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## युएईमा वैदेशिक रोजगारको अवसर

सच्याइएको

**कम्पनी : EMIRATES GATEWAY SECURITY SERVICES - LLC**

पूर्व स्वीकृति मिति : २०८०/१२/२३ | LT. No.303185 | चलानी नं.६०२१७९८४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 200 | 25 | 2000 | ७२,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ३ गते (15th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ५१६/०६१/०६२

**ALPHA SIGMA OVERSEAS PVT. LTD.**
P.O.Box : 10443, Sinamangal-09, Kathmandu, Nepal
Tel : +977-1-4561946, 4561827 Fax : +997-1-4465976
E-mail : alphasigmanepal@gmail.com, alphanepal@wlink.com.np,Website : www.Imperial.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : MATTAH FOR TRANSPORTATION COMPANY.**

पूर्व स्वीकृति मिति २०८०/१२/२५ | LT. No. 302627 | चलानी नं.६०२१८०५०

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६३,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ४ गते (16th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 267/058/059

**ARANIKO OVERSEAS PVT. LTD.**
Kupondole (Opposite Hotel Himalaya), Kathmandu, Nepal.
Tel: +977 1 5455365/5010657/5010658,Email: infoaraniko267@gmail.com



## बहराईनमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : PRO KLEEN SERVICES WLL**

पूर्व स्वीकृति मितिः २०८०/०१/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२६ | LT. No. 284849 | चलानी नं. ६०२००५४०

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | BD | ने.रू. | | | | | | | |
| 1 | Driver | 1 | 0 | 150 | ५२,३०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Cleaner | 32 | 5 | 100 | ३४,८६५ | | | | | | | |
| 3 | Supervisor | 2 | 0 | 180 | ६२,७६० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ४ गते (16th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1165/073/074

**Chinari Overseas Pvt. Ltd.**
P.O. Box : 8837, Dhumbarahi, Kathmandu, Nepal
Tel : +977-1-4372922/ 4376922 Fax : +977-1-4376922
E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com



## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

**कम्पनी : WENSENG INTERNATIONAL CO LTD**

पूर्व स्वीकृति मिति २०८०/०२/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२६ | LT. No. 287600 | चलानी नं.६०२०३०५५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | MUR | ने.रू. | | | | | | | |
| 1 | Cladding Technician Grade II | 25 | 0 | 16665 | ४८,३०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Aluminium Technician Grade II | 25 | 0 | 16665 | ४८,३०५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ४ गते (16th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १९,५००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Mobile: 981-3952892, 9706180600
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : PLATINUM HANDS PACKING & REPACKING SERVICES**

पुर्व स्वीकृति मिति २०८०/१२/२३ | LT. No. 303173 | चलानी नं. ६०२१७९९५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Indoor Cleaners | 20 | 20 | 800 | २९,००० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Packer | 60 | 0 | 800 | २९,००० | | | | | | | |

**कम्पनी : MAYAR FACILITIES MANAGEMENT LLC**

पुर्व स्वीकृति मिति २०८०/०९/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२५ | LT. No. 294971 | चलानी नं. ६०२१०३७८

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Cleaner | 36 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : MAWARID SERVICES COMPANY LLC**

पुर्व स्वीकृति मिति २०८०/०८/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२५ | LT. No. 296251 | चलानी नं. ६०२११२७०

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Forestry Worker | 143 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : A T V A TECHNICAL AND CLEANING SERVICES LLC**

पुर्व स्वीकृति मिति २०८०/१०/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२५ | LT. No. 298333 | चलानी नं. ६०२१३३२५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Cleaner | 51 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख ३ गते (15th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FUTURE STAR MANPOWER PVT. LTD.
श्रम ईजाजत नं. ३९७/०६०/०६१

**Future Star Manpower Pvt. Ltd.**
Samakhushi, Townplaning, Kathmandu, Nepal,
(Kathmandu) Phone : +977-1-4960576, 4950719, 9810101810, 9813916322
Contact for Branch Office Jhapa (Birtamode) :- 023-533784 ,981-7914275 , 9803498035
Contact for Branch Office Kaski (Pokhara) :- 061591417 / 061501418, 9819100814, 9824194594
E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com

प्रभाव दैनिक




### 'पर्खी बसे फर्की आउँछु'को विशेष शो सम्पन्न

शनिबार साँझ विश्वज्योति हल जमल काठमाडौँमा फिल्म 'पर्खी बसे फर्की आउछु'को विशेष शो सम्पन्न भएको छ। एक राज थापाको प्रस्तुती रहेको फिल्मको लेखनरनिर्देशन राजबहादुर सानेले गरेका छन। फिल्ममा हिउँवाला गौतम, प्रेम परियार, समिक्षा बस्नेत, देव सागर, सुशील गौतम, हेमराज घर्तिमगर, पदम तामाङ, कृष्णबहादुर थापा, रोशन थापा लगायतको अभिनय छ। रोशिका फिल्मसको ब्यानरमा बनेको फिल्मको कार्यकारी निर्मातामा कमलप्रसाद शर्मा र खेमराज विक छन् भने निर्मातामा यमकान्त भन्डारी छन्। फिल्मका सह-निर्मातामा कृष्णबहादुर थापा (काजी), नवराज अधिकारी, जगदीश महर, सुशील गौतम, जेनि मगर (प्रगति) रहेका छन्।




मंगलबार २७, चैत २०८० (Tuesday, April 9, 2024)

# नेप्को इन्टरटेनमेन्ट म्युजिक अवार्ड सम्पन्न

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेप्को इन्टरटेन्मेन्ट म्युजिक अवार्ड २०८० को ग्राण्ड फिनाले तथा सांगीतिक कार्यक्रम भव्यताका साथ सम्पन्न भएको छ। 'नेपाली गीत, संगीतकर्मीहरूको सम्मान संरक्षण गर्ने हाम्रो अभियान' भन्ने नाराका साथ कला क्षेत्रमा योगदान गर्ने उद्देश्यले स्थापित अवार्ड नेप्को इन्टरटेन्मेन्ट प्रालिले पहिलो पटक आयोजना गरेको हो।

गणतन्त्र नेपालका प्रथम उपराष्ट्रपति परमानन्द झाको प्रमुख आतिथ्यतामा एक समारोहकाबीच 'चन्द्र सूर्य' गीतबाट गायक हरि गोपाल प्रधानले सर्वोत्कृष्ट राष्ट्रिय भावनाको गीतको अवार्ड हात पार्न सफल भएका छन् भने सर्वोत्कृष्ट म्युजिक प्रोड्युसरको अवार्ड सूर्य क्रियशन प्रालिका सूर्यबहादुर मगरले पाएका छन्। 'दशैं तिहार आउँदा' गीतबाट गायिका सविना बुढा मगरले सर्वोत्कृष्ट चाडपर्व गीत तर्फको अवार्ड हात पार्न सफल भईन्।

'धासी पूर्वेली तेर्से भाका'तर्फ गायक धन बहादुर दमाई (दिपक लाखे) ले सर्वोत्कृष्ट अवार्ड पाए भने, सर्वोत्कृष्ट कस्टम डिजाईनरको अवार्ड जानकी थापा मगरले पाएकी छन्। सर्वोत्कृष्ट लोक विधातर्फ गायक नेत्र भण्डारीले 'झरी' गीतमार्फत सर्वोत्कृष्ट गायकको अवार्ड जितेका छन्। खुकुरी रमको गीतबाट लक्ष्मी रेग्मीले सर्वोत्कृष्ट गायिकाको अवार्ड जितेकी छन्। यस्तै, रोम बहादुर श्रेष्ठ (ओइ साईली) का लागि सवोत्कृष्ट नव गायक चुनिए भने (भोक) गीतमार्फत सर्वोत्कृष्ट नव मोडलको अवार्ड स्पेश लामिछानेले जितेका छन्।

चरी बासैँमा गीतबाट सर्वोत्कृष्ट महिला गायिकातर्फ कमला पोखरेलले पब्लिक च्वाईसको अवार्ड जित्दा फूल जस्तै लोकगीतबाट पुरुषतर्फको पब्लिक च्वाईस अवार्ड गायक दिपसागर थापाले हात पार्न सफल भए। पप विधातर्फ सर्वोत्कृष्ट संगीतको अवार्ड कल्याण सिंहले जिते भने, गायक धुर्ब खनालले राष्ट्रिय भावको विधामार्फत जुरी अवार्ड सगै आधुनिक गीतको सर्वोत्कृष्ट शब्दमार्फत अवार्ड हात पार्न सफल भए। यस्तै, आधुनिक गीततर्फको सर्वोत्कृष्ट म्युजिकको अवार्ड थाहा छैन गीतका लागि निरज कुमारले हात पारे भने, आधुनिक गीततर्फ स्मारिका ढकाल (धोकेवाज-२) का लागि सर्वोत्कृष्ट मोडल महिलाको अवार्ड हात पार्न सफल भईन्।

लाइभ दोहोरी विधातर्फ सर्वोत्कृष्ट गायकको




अवार्ड 'माली गाइलाई''बाट प्रकाश दुराले जिते भने तमान खोला लाइभ दोहोरी गायकको अर्वाड जगत बहादुर घर्तीले पाए, मेरो राजा बोलको तीज गीतबाट सर्वोत्कृष्ट महिला गायिका रिता रावतले अवार्ड जितेकी छन्। खुचिङ खुचिङ पपगीतबाट गायक योगेश पानले अर्वाड जित्दा भेरी र कर्णाली लोक गीततर्फ सर्वोत्कृष्ट शब्दको अवार्ड शक्ति चन्दले हात पारेका छन्।

यसैगरी क्यारी हासम खै लोक गीततर्फ सर्वोत्कृष्ट मोडल पुरुषको अवार्ड शिवन पोखरेल र सकम्बरी लोक गीततर्फ सर्वोत्कृष्ट मोडल महिलाको अवार्ड कुशुम शर्माले पाए। हुदैनकी हाम्रो भेट लोक गीततर्फ सर्वोत्कृष्ट जुरी अर्वाड बसन्त राज गौतमले पाए भने, बादल पारी पप विधाको जुरी अर्वाड गणेश कुँवरले हात पार्न सफल भए।

सरकारी अ•ा गीतबाट पदम राईले सर्वोत्कृष्ट पुरुष गायक तर्फको अर्वाड जितेका छन् भने तिमीबिना आधुनिक गीतबाट आनन्द सिंहले पब्लिक च्वाईस अवार्ड हात पार्न सफल भए। मोटरसाईकल आधुनिक गीतबाट पब्लिक च्वाईस अवार्ड सुवास श्रेष्ठ प्रधानले पाए।

अनायासै आँधी चल्यो मार्फत सर्वोत्कृष्ट शब्द संकलकको अवार्ड मिलन मोक्तानले पाए भने निरोज कुमारले झरनाको चिसो पानी आधुनिक गीतबाट जुरी अर्वाड हात पारे। युवराज छन्त्यालले गाँउको माया लोक गीतबाट पब्लिक च्वाईस अवार्ड पाउँदा ध्रुव खनालले मनैमा बस्ने राष्ट्रिय भावको गीतबाट पब्लिक च्वाईसको अर्वाड जित्न सफल भए।

गीत संगीतका लोकप्रिय श्रष्टालाई पुरस्कृत तथा सम्मान गर्न पहिलो आयोजित 'नेप्को इन्टरटेन्मेन्ट म्युजिक अवार्ड २०८०' को पहिलो संस्करण भव्य रूपमा सम्पन्न भएको र सुरुवाती संस्करणमै अवार्डले उचाई लिएको नेपाल संगीत उद्योग संघका अध्यक्ष सूर्यबहादुर मगरले समारोहमा बताए।

नेपालको मौलिक कला संस्कृतलाई बचाइ राख्नको लागि नेप्को अर्वाडले ठूलो भूमिका राख्ने संघका अध्यक्ष मगरले जिकिर गरे। कम्पनी र संस्थाले अवार्डका कार्यक्रमहरू गर्न गाह्रो र खर्चिलो हुने भएकाले नेपाली मौलिक कला संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्न सहयोग पुग्ने यस्ता अवार्ड कार्यक्रम राज्यले गर्नु पर्नेमा जोड उनले जोड दिए।

नेपाल संगीत उद्योग संघका महासचिव तथा कार्यक्रका अध्यक्ष जीत बहादुर रावतले 'नेप्को इन्टरटेन्मेन्ट म्युजिक अवार्ड २०८०' को वितरण कार्यक्रम सफलता पूर्वक सम्पन्न भएको बताए।

नेपाली मौलिक गीत संगीत, कला संस्कृति एवं साहित्यको संरक्षण सम्बर्द्धन, प्रवर्द्धनका साथै नेपाली मौलिक गीत संगीत क्षेत्रको विकासका निम्ति रचनात्मक तथा सिर्जनात्मक कार्यहरूमा क्रियाशिल रहेर यस क्षेत्रमा क्षेत्रमा योगदान पुर्‍याउने श्रष्टा, सर्जक, कलाकारलाई उच्चकदर गर्दै नेप्को इन्टरटेन्मेन्ट म्युजिक अर्वाड प्रदान गरिएको कार्यक्रमका अध्यक्ष रावतले बताए।

नेप्को इन्टरटेन्मेन्ट म्युजिक अवार्ड २०८० को फाइनल अवार्ड कार्यक्रममा गायिका सर्मिला गुरुङलाई राष्ट्रिय गायिका सम्मान, ख्याम नारायण पौडेललाई राष्ट्रिय व्यवसायी सम्मान, कमला श्रेष्ठलाई राष्ट्रिय नारी उद्यमी सम्मान, प्रविण कला राईलाई राष्ट्रिय नारी उद्यमी सम्मान, होम गैरेलाई राष्ट्रिय नेप्को इन्टरटेन्मेन्ट म्युजिक अवार्ड दर्शक गायक सम्मान, देवी हमाललाई राष्ट्रिय नारी उद्यमी सम्मान, डा. भोला रिजाललाई राष्ट्रिय श्रष्टा सम्मान, दिनेश मोक्तानलाई राष्ट्रिय व्यवसायी सम्मान, ईशा लोहागुन कौशललाई ध्वनी सम्मान, रोशनी रसाईलीलाई धन्यवाद सम्मान, सन्जिव बर्मासाखालाई आईटी सम्मान, पत्रकार उमेश विकलाई पत्रकारिता सम्मान, राज कार्कीलाई राष्ट्रिय व्यवसायी सम्मान, पूर्ण बहादुर खत्रीलाई राष्ट्रिय समाजसेवी सम्मान, प्रेम कुमार भारती, दिनेश मुस्कान, उत्साह घिमिरे , लक्ष्मन राज आचार्य लाई राष्ट्रिय श्रष्टा सम्मान, खड्ग वीर रावत, मुकेश कुमार चौधरी, तुल बहादुर थापा, आशिक लामा र केशवराज पाण्डेलाई राष्ट्रिय व्यवसायीक सम्मान तथा नेपाल एयर लायन्सलाई धन्यवाद पत्रसहितको सम्मान प्रदान गरिएको थियो।

'नेप्को इन्टरटेन्मेन्ट म्युजिक अवार्ड २०८० को फाइनल अवार्ड कार्यक्रमको प्रमुख अतिथि गणतन्त्र नेपालका प्रथम उपराष्ट्रपति परमानन्द झाले रहँदा कार्यक्रमको सभा अध्यक्षता नेप्को इन्टरटेन्मेन्ट म्युजिक कम्पनीका संचालक तथा नेपाल संगीत उद्योग संघका महासचिव जीत बहादुर रावत गरेका थिए।

नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष तथा वस्तुगत परिषदका सभापति हेमराज ढकाल विशिष्ट अतिथिको रूपमा कार्यक्रममा सरिक भए।

## वेब सिरिजको रूपमा आउँदै 'यौटा सपनाको अवसान'




■ प्रभाव संवाददाता

**काठमाडौं–** गत वर्ष चैत्र १० देखि वैशाख १३ सम्म मण्डला नाटक घरमा मञ्चन भएको नाटक 'यौटा सपनाको अवसान' अब वेब सिरिजको रूपमा आउने भएको छ।

महिना दिनसम्म हाउसफुल रहेको नाटक कान्तिपुर सिनेमाजमा नयाँ वर्षदेखि आउने भएको हो। यसको निर्माण कम्पनी गोविन प्रोडक्सन र पौराणिक पिक्चर्सले सिरिजको पोष्टर सार्वजनिक गर्दै नाटकलाई नयाँ दर्शकमाझ लैजाने प्रयास स्वरूप यसलाई ओटिटीमा रिलिज गर्न लागिएको जनाएको छ। सार्वजनिक पोस्टरमा नाटकका मुख्य कलाकारहरू दीया मास्के, मेनुका प्रधान, दिव्य देव, विकास जोशी, शेखर चापागाईं अटाएका छन्।

नाटकका निर्माता गोविन्द पराजुलीले नयाँ दर्शकको खोजी गर्ने क्रममा नयाँ माध्यममा आउने निर्णय गरेको जनाए। 'नाटकलाई चलचित्र जस्तो धेरै समय हलमा चलाउन मिल्दैन किनकि नाटकमा कलाकारको प्रत्यक्ष उपस्थिति चाहिन्छ। यही कारण हामीले दर्शकको चाहाना हुँदा हुँदै पनि एक महिनाभन्दा बढी समय मञ्चन गर्न सकेका थिएनौं। उसबेला हेर्न छुट्नु भएका नाट्यप्रेमीसँगै संसारभरका दर्शकका लागि सिरिजको माध्यम छानेका हौं', निर्माता गोविन्दले बताए।

वरिष्ठ नाटय निर्देशक अनुप बरालले निर्देशन गरेको यस नाटकले आर्थिक मन्दीमा फसेको एक परिवारको कथा प्रस्तुत गर्छ। १ महिनासम्म चलेर ६ हजार दर्शकले प्रत्यक्ष हेरेको यस नाटकमा दिया मास्के, दिव्यदेव, मेनुका प्रधान, रोय, विकाश जोशी, शेखर चापागाईंको मुख्य अभिनय रहेको छ। नाटकमा न्हयु बर्जाचार्यको संगीत संयोजन, विप्लव प्रतिकको ट्रान्सकियसन र गीत रहेका छन्। सिरिज कान्तिपुर सिनेमाजमा ७ भागमा प्रसारण हुनेछ।

नाटकलाई सिरिजको रूपमा प्रस्तुत गरेर एउटा प्रयोग गर्न लागेको र यसले राम्रो नाटकलाई डिजिटल्ली जोगाएर राख्ने प्रयासले पनि सार्थकता पाएको निर्माता पराजुली बताउँछन्। कालान्तरमा यसले नाटकको डिजिटल बजार निर्माणमा पनि ठोस सुरुवात गर्ने उनको अपेक्षा छ। सिरिजको वैशाख १ गते प्रिमियर हुनेछ।



# एरिकालाई अमेरिकामा सम्मान

■ प्रभाव संवाददाता

**काठमाडौं–** एसियाली खेलकुद प्रतियोगिताकी रजत पदक विजेता कराँते खेलाडी एरिका गुरुङ अमेरिकामा करिब नौ लाख रूपैयाँ नगदसहित सम्मानित भएकी छन्। ११ औं दक्षिण एसियाली खेलकुद (साग) का स्वर्ण पदक विजेता सुनिल लामाले स्थापना गरेको च्याम्पियन मार्सल आर्टस क्लब यूएसएको आयोजनामा एरिकालाई सात हजार ११ अमेरिकी डलर (९ लाख ३२ हजार चार सय ६३ नेपाली रूपैयाँ) र प्रमाणपत्रबाट सम्मान गरिएको हो।




यूएसए ओपन कराँते च्याम्पियनसिपमा भाग लिन अमेरिका पुगेकी एरिकालाई सम्मान गरिएको हो। उनलाई तमु परिवारले दुई हजार सात सय ५६, तमु सोसाइटीले नौ सय ५३ र सुदूरपश्चिम समाजले पाँच सय ५०, ईन्टरनेशनल मार्सल आर्टस एसोसियसन न्युयोर्कले एक सय ९०, मामा भान्जा ग्रूपले एक हजार १० र रेड पाण्डाले दुई सय अमेरिकी डलर प्रदान गरेको हो।

बाँकी रकम भने च्याम्पियन मार्सल आर्टस, खेलाडी, समाजसेवी तथा अन्य सहोगीहरूबाट संकलन भएको सागका स्वर्ण पदक विजेता लामाले जानकारी दिए। यूएसए ओपनमा १८ देखि २१ वर्षको ६८ केजी तौल समूहमा स्वर्ण पदक जितेकी एरिकाले सोही तौल समूहको सिनियरमा रजत पदक हात पारेकी थिइन्।

गत असोजमा चीनमा भएको १९ औं एसियाली खेलकुदमा एरिकाले रजत पदक जितेकी थिइन्। एसियाडमा रजत पदक जित्ने एरिका पहिलो नेपाली कराँते खेलाडी हुन्। लामाको सभापतित्वमा भएको सम्मान कार्यक्रममा १३औं एसियाडका कास्य पदक विजेता सम्बरबहादुर गोलेले एरिकालाई सम्मान गरेका थिए।

सो अवसरमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघका अध्यक्षसमेत रहेका आठौ र नवौं सागका स्वणर् पदक विजेता दीपक श्रेष्ठ, १३औं सागका स्वणर् पदक विजेता अनु अधिकारी र विप्लभलाल श्रेष्ठलाई पनि सम्मान गरिएको थियो। हाल अमेरिका बस्दै आएकी अनुले पनि यूएसए ओपनमा १६ देखि ३४ वर्षको समूहको स्पर्धामा स्वर्ण पदक जितेकी थिइन्। विप्लभले पनि यूएसए ओपनमा भाग लिएका थिए। एरिका र विप्लभको प्रशिक्षकमा कुशल श्रेष्ठ र दीपक श्रेष्ठ थिए।

# अन्तरप्रदेश फुटबलमा कोशी र गण्डकीको जित

■ प्रभाव संवाददाता

**हेटौडा–** अन्तरप्रदेश राष्ट्रिय खेल्कुद २०८० पुरुष फुटबल प्रतियोगितामा सुरु भएको छ। प्रतियोगितामा कोशी प्रदेश र गण्डकी प्रदेशले विजयी सुरुवात गरेको छ। हेटौंडा-६ स्थित गौरीटार बहुउद्देश्यीय रङ्गशालामा भएको उद्धाटन खेलमा कोशी प्रदेशले मधेस प्रदेशलाई २-० गोल अन्तरले पराजित गरेको हो।



खेलमा कोशी प्रदेशका सुगम ओझा म्यान र बसन्त ओझाले १-१ गोल गरेका हुन। खेलमा उत्कृष्ट प्रर्दशन गरेका कोशी प्रदेशका ओझा म्यानलाई म्यान अफ द म्याच घोषित भएका छन्।

यस्तै दोस्रो खेलमा गण्डकी प्रदेशले सुदूरपश्चिम प्रदेशमा पराजित गर्दै विजय सुरुवात गरेको छ। गण्डकी र सुदूरपश्चिम बीचको निर्धारित समय दुई दुई गोलको बराबरीमा सकिएपछि खेल पेनाल्टी सुटरमा गएको थियो।

पेनाल्टी सुटआउटमा ३-१ गोलले गण्डकीले सुदूरलाई हराएको छ। खेलमा उत्कृष्ट प्रर्दशन गर्दै गण्डकी प्रदेशका गोलकिपर सन्दीप कँडेललाई म्यान अफ द म्याच घोषित भएका छन्।

बागमती प्रदेश खेलकुद विकास समितिको आयोजना एवं बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको व्यवस्थापनमा यो प्रतियोगिता भएको हो।

**आइसिसी टी-२० विश्वकप तयारी**

# वेस्ट इन्डिज 'ए'सँग नेपालले टी-२० शृंखला खेल्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** वेस्ट इन्डिजको टी-२० 'ए' क्रिकेट टोली नेपाल भ्रमणमा आउने भएको छ। निकट भविष्यमा आयोजना हुने आईसीसी टी-२० विश्वकपको तयारीका क्रममा अभ्यास खेल खेल्न वेस्ट इन्डिजको 'ए' टोली नेपाल भ्रमणमा आउने लागेको हो।




आईसीसी टी-२० विश्वकपको नवौं संस्करण आगामी जुन १ देखि २९ तारिखसम्म अमेरिका र वेस्ट इन्डिजमा संयुक्त रूपमा आयोजना हुँदैछ। नेपाल र वेस्ट इन्डिज दुवै टी-२० विश्वकपमा छनोट भएका छन्।

नेपाल क्रिकेट संघ (क्यान) र क्रिकेट वेस्ट इन्डिज दुवैले यो भ्रमण तय गरेका हुन्। वेस्ट इन्डिजको क्रिकेट टोलीले इतिहासमै पहिलो पटक नेपालको भ्रमण गर्न लागेको हो। नेपाल भ्रमणका क्रममा वेस्ट इन्डिजले नेपालसँग पाँचवटा खेलको टी-२० शृफ्ला खेल्ने कार्यक्रम रहेको छ।

खेल कीर्तिपुरस्थित त्रिवि अन्तर ाष्ट्रिय क्रिकेट मैदानमा खेलिने छ। 'यो भ्रमणले आगामी विश्वकपको तयारीमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास हामीले लिएका छौँ। इन्डियन प्रिमियर लिग खेल्न नपाएका क्यारेबियन खेलाडीका लागि पनि यो विश्वकपको अन्तिम तयारी गर्ने उपयुक्त अवसर हुनेछ,' क्रिकेट वेस्ट इन्डिजका निर्देशक माइल्स बास्कोम्बेले भनेका छन्।

क्यानका सचिव पारस खड्काले पनि वेस्ट इन्डिजको टोली नेपाल भ्रमणमा आउँदा विश्वकपको तयारीमा महत्त्वपूर्ण योगदान पुग्ने प्रतिक्रिया दिएका छन्। 'यो भ्रमणलाई लिएर हामी पनि निकै उत्साही छौँ। विश्वकपको तयारीमा यसले महत्त्वपूर्ण योगदान पुर्‍याउने छ,' उनले भनेका छन्।

यसअघि नेपाल र वेस्ट इन्डिजबिच एकपटक मात्र अन्तर्राष्ट्रिय क्रिकेट खेलिएको छ। सन् २०२३ मा जिम्बाबेमा सम्पन्न आईसीसी एकदिवसीय विश्वकपको छनोट प्रतियोगिताका क्रममा नेपाल र वेस्ट इन्डिजबिच खेल भएको थियो। सो खेलमा क्यारेबियन टोली एक सय एक रनले विजयी भएको थियो।

आगामी आईसीसी टी-२० विश्वकपमा नेपाल समूह 'डी' मा परेको छ। उक्त समूहमा दक्षिण अफ्रिका, श्रीलंका, बंगलादेश र नेदरल्यान्ड्स रहेका छन्। वेस्ट इन्डिज भने समूह 'सी' मा रहेको छ। उक्त समूहमा न्युजिल्यान्ड, अफगानिस्तान, पपुवा न्यु गिनी र युगान्डा रहेका छन्। नेपाल र वेस्ट इन्डिज 'ए' बिचको अभ्यास खेल नेपाली समय अनुसार, दिउँसो १:०० बजे सुरु हुने समाचारमा जनाइएको छ। नेपाल र वेस्ट इन्डिजबिचको पहिलो खेल अप्रिल २७ तारिखमा खेलिने भएको छ।

यसैगरी दोस्रो खेल अप्रिल २८ तारिखमा र तेस्रो खेल मे १ तारिखमा खेलिने छ। नेपाल र वेस्ट इन्डिजबिचको चौथो खेल मे २ तारिखमा खेलिने भएको छ। पाँचौं तथा अन्तिम खेल भने मे ४ तारिखमा खेलिने छ।

# चीनको 'कमजोर आपूर्ति क्षमता'बारे अमेरिकी आरोप आधारहीन : चिनियाँ वाणिज्यमन्त्री

**बेइजिङ-** चीनका वाणिज्यमन्त्रीले कम लागतको चिनियाँ निर्यातले विश्वबजारमा जोखिम निम्त्याएको भन्ने अमेरिकी चिन्तालाई चिनियाँ वाणिज्यमन्त्री वाङ वेन्ताओले 'आधारहीन' भन्दै आरोपको खण्डन गरेका छन् ।

ट्रेजरी सेक्रेटरी जेनेट येलेनको भ्रमणका क्रममा चिनियाँ अधिकारीहरूले दुई देशबीचको सम्बन्ध थप स्थिर अवस्थामा रहेको सकारात्मक टिप्पणी गरेकी छन् र दुवै पक्ष अतिरिक्त औद्योगिक क्षमताको विषयमा थप वार्ताका लागि मार्गहरू खोल्न सहमत भएका छन् । चीन सरकारले विश्वबजारले धान्न सक्नेभन्दा बढी उत्पादन क्षमता सिर्जना गर्न सहयोग गर्दा सौर्य र विद्युतीय सवारीसाधनजस्ता प्रमुख क्षेत्रमा सस्तो निर्यातको बाढीले अन्यत्र ती उद्योगहरूको वृद्धिलाई असर पार्न सक्छ भन्ने अमेरिकी अधिकारीहरूको चिन्ता रहेको छ ।

वाणिज्यमन्त्री वाङले आइतबार पेरिस भ्रमणका क्रममा अमेरिका र युरोपले लगाएको 'अत्यधिक क्षमता'को आरोप आधारहीन भएको बताएका हुन् । चिनियाँ विद्युतीय सवारी निर्माताको तीव्र वृद्धि नवीनता र स्थापित आपूर्ति शृंखलाका कारण भएको वाङले बताए । उनले बेइजिङले व्यवसायहरूलाई उनीहरूको हितरक्षाका लागि सहयोग गर्ने पनि बताए ।

बेइजिङले उद्योगका लागि राज्यको विशाल समर्थनको बारेमा चिन्तालाई बारम्बार अस्वीकार गर्दै आएको छ । युरोपेली संघ (इयू) ले चिनियाँ विद्युतीय कारमा अनुदानको बारेमा अनुसन्धान सुरु गरेको छ जसले गर्दा कम मूल्यमा अनुचित रूपमा बेचिएका सवारीसाधनहरूमा कर वृद्धि हुन सक्छ । गत महिना बेइजिङले यसलाई व्यापारमा देखिएको 'संरक्षणवाद'को संज्ञा दिएको छ ।

येलेनले दक्षिणी सहर ग्वान्झाओ र राजधानी बेइजिङमा अधिकारी र व्यापारिक नेताहरूसँगको वार्तामा बारम्बार चीनको 'क्षमताभन्दा बढी आपूर्ति'को प्रसंगलाई उठाएकी थिइन् । आफ्ना समकक्षी उपप्रधानमन्त्री हे लिफेङसँग भएको बृहत् छलफलमा उनले चिनियाँ नीति निर्माणको उच्च तहमा अन्तर्राष्ट्रिय चासोका सवालबारे संवेदनशील बन्न आग्रह गरेकी थिइन् ।

सिन्ह्वाका अनुसार लीले उत्पादन क्षमताको विषयलाई वासिङ्टनले 'वस्तुनिष्ठ' र 'बजारमुखी' दृष्टिकोणबाट हेर्नुपर्ने येलेनसँग बताएका थिए । उनले चीनको नयाँ ऊर्जा उद्योगको विकासले विश्वव्यापी हरित र कम कार्बन संक्रमणमा महत्त्वपूर्ण योगदान पुर्‍याउने बताए । *रासस/एएफपी*

## दक्षिण कोरियाको बेरोजगारी दर नौ प्रतिशतले घट्यो

**सियोल-** मार्च महिनामा दक्षिण कोरियाको बेरोजगारी दर शिक्षा सेवा, उत्पादन र थोक तथा खुद्रा क्षेत्रमा माग घटेको कारण घटेको श्रम मन्त्रालयको तथ्यांकले सोमबार देखाएको छ ।

रोजगार र श्रम मन्त्रालयको तथ्यांकअनुसार रोजगार खोज्नका लागि मार्चमा नयाँ आवेदकहरूको संख्या एक लाख ३० हजार ८०० पुगेको छ । जुन गत वर्षको सोही अवधिको तुलनामा ९.१ प्रतिशतले न्यून हो । फेब्रुअरीमा दोहोरो अंकमा झरेको यो संख्या लगातार दोस्रो महिना पनि तल झरेको हो ।

शिक्षा सेवा, उत्पादन, थोक तथा खुद्रा उद्योगमा लाभग्राहीको अवस्थामा कमी आएको छ । तर वित्त, बिमा, सूचना तथा सञ्चार क्षेत्रमा भने गत महिनाको तथ्यांकमा वृद्धि भएको छ । बेरोजगारीको अत्यधिक संख्यालाई लिएर रोजगारी खोज्न मद्दत गर्न सरकारले रोजगारी खोज्न सघाउने प्रस्ताव गरेको छ । यो कार्यक्रम राज्यको रोजगार बिमा कोषद्वारा वित्त पोषित छ ।

रोजगार प्राप्तकर्ताहरूको संख्या मार्चमा छ लाख ५४ हजार ६०० थियो । जुन एक वर्ष अघिको समान अवधिको तुलनामा तीन प्रतिशतले कम हो । यसले १४ महिनाको पहिलो गिरावटलाई अंकित गरेको छ । कूल रोजगारी प्राप्तिको अवस्था ६.२ प्रतिशतले घटेर ९६९.६ अर्ब वोन (७१६.७ मिलियन अमेरिकी डलर) मा झरेको छ । *रासस/सिन्ह्वा*

## आप्रवासन नीतिमा सुधार गर्ने विषयमा बुधबार मतदान गर्दै इयू

**ब्रसेल्स, बेल्जियम-** युरोपेली संघ (इयू)ले आप्रवासन नीतिमा व्यापक फेरबदल गर्ने विषयमा बुधबार मतदान गर्ने भएको छ । मतदानले नयाँ प्रस्ताव पारित गरेमा विशेषगरी शरणार्थीहरूका लागि प्रवेश प्रक्रियालाई कडा बनाउने छ र समूहका सबै देशहरूले जिम्मेवारी साझेदारी गर्न आवश्यक हुने छ ।

युरोपेली संसद्ले सेप्टेम्बर २०२० मा पहिलोपटक गरिएको युरोपेली आयोगको प्रस्तावको आधारमा समूहको आप्रवासन र शरण सम्झौताको गठन गर्ने कानुनहरूको एक शृंखला तय गर्ने छ । इयूका सदस्य राष्ट्रहरूबीच वर्षौंदेखिको तनाव र विभाजनलाई पार गरेपछि मात्र यो परिवर्तन भएको हो । मतदानले प्रस्तावित कानुन पारित गरेमा यो कानुन सन् २०२६ देखि कार्यान्वयनमा जाने छ ।

यो पारित हुनुका साथै युरोपियन युनियनले युरोप पुग्ने लक्ष्यका साथ आफ्नो क्षेत्र छोड्ने आप्रवासीको संख्या घटाउने प्रयास गर्न धेरै बाहय देशहरूसँग सम्झौताहरू गर्दै आएको छ । इयूमा शरण आवेदनमा वृद्धि आएसँगै इयू सदस्यबीच विवादित बनेको यो कानुनमा मतदान हुन लागेको हो । शरणार्थीका लागि गत वर्षसम्म ११ लाख ४० हजार व्यक्तिले आवेदन दर्ता गराएका छन् । यो सन् २०१६ पछि उच्चतम स्तर हो ।

इयूको सीमा र तटरक्षक निकाय फ्रन्टेक्सका अनुसार गत वर्षमात्रै समूहमा आवेदन दिने आप्रवासीको संख्यामा पनि वृद्धि भई तीन लाख ८० हजार पुगेको छ । आप्रवासन र शरण सम्झौताको भिन्नभिन्न कारण देखाउँदै अति दक्षिणपन्थी, अति वामपन्थी र केही समाजवादी सांसदहरूले विरोध गर्दै आएका छन् ।

युरोपेली संसद्को सबैभन्दा ठूलो राजनीतिक समूह मध्यदक्षिणपन्थी युरोपियन पिपुल्स पार्टीका प्रमुख म्यानफ्रेड वेबरले भने, 'वर्षौंको गतिरोधपछि आउन लागेको नयाँ आप्रवासन नियमले हामीलाई हाम्रो बाहय सीमामा नियन्त्रण पुनः प्राप्त गर्न र इयूमाथिको दबाब कम गर्न अनुमति दिन्छ । युरोपेली संघमा को प्रवेश गर्छ भन्ने निर्णय मानव तस्करले नभई राज्यका अधिकारीहरूले गर्नुपर्छ ।'

गैरसरकारी संस्था र आप्रवासी परोपकारी संस्थाहरू यस सुधारको विरोधमा उत्रिएका छन्, विशेषगरी यसको प्रावधानले शरण खोज्नेहरूलाई समायोजित गर्न सीमा निर्धारण गर्छ र अयोग्य ठानिएकाहरूलाई तुरुन्तै फिर्ता पठाउँछ । यसो भएमा यसले व्यवस्थित हिरासतलाई वढावा दिने उनीहरूको चिन्ता रहेको छ ।

यस सुधारले धेरै हदसम्म आधारभूत नियमलाई कायम राख्छ र शरण खोज्ने व्यक्ति प्रवेश गर्ने पहिलो इयू देश नै उनीहरूको व्यवस्थापनका लागि जिम्मेवार हुन्छ । तर यसले एक 'ऐक्यबद्धता संयन्त्र' थपेको छ जसले सबै इयू देशहरूलाई इटाली र ग्रीसजस्ता अग्रपंक्तिमा रहेका राज्यहरूमा दबाब देखिएका समय उनीहरूलाई केही शरण-खोजीकर्ताहरूलाई लिन वा समान वित्तीय योगदान प्रदान गरेर मद्दत गर्नुपर्ने आवश्यकतालाई जोड दिन्छ ।

युरोपेली संसद्मा फ्रान्सका मध्यमार्गी सांसद फेबिएन केलरले यस सम्झौतालाई 'निकै सन्तुलित' र 'वर्तमान परिस्थितिमा ठूलो सुधार' भनेका छन् । उनले भने, 'नयाँ नियममा सीमा प्रक्रियाबाट अनियमित आप्रवासनको प्रवाहमा राम्रो नियन्त्रण र थप ऐक्यबद्धता छ ।' तर उनले यो 'अत्यन्त भड्काउ विषय' भएको स्वीकार्दै दक्षिणपन्थी सांसदहरूले परिवर्तनलाई लिएर 'सबैलाई आत्तिने बनाएको' भन्दै आलोचना गरे ।

'संसद्को मतदान सम्झौताका लागि अन्तिम कदम हुने छैन, किनकि यसको प्रक्रियाहरूको प्राविधिक अनुप्रयोग अझै परिभाषित गर्न आवश्यक छ,' केलरले थपे ।

सीमा केन्द्रहरूलाई कसरी व्यवस्थित गर्ने र तिनीहरूलाई पर्याप्त स्रोतहरू, अनुवादकहरू र प्रहरी अधिकारीहरू कसरी आपूर्ति गर्ने भन्ने बिषय अहिले पनि छलफलको विषय रहेको छ अर्थात् यसमा कुनै नियम प्रस्ताव भइसकेको छैन । *रासस/एएफपी*

## राष्ट्रिय वित्तीय नीति अपनाउन पाकिस्तानलाई आग्रह

**इस्लामाबाद-** पाकिस्तानमा उत्पन्न आर्थिक संकटको बीचमा विश्व बैंकले इस्लामाबादलाई संघीय तथा प्रान्तीय खर्चलाई संवैधानिक जनादेशसँग मिलान गरी राष्ट्रिय वित्तीय नीति अपनाउन आग्रह गरेको छ ।

संघीय तथा प्रान्तीय राजस्व एकल बिक्री कर (जिएसटी) संकलन एजेन्सीमा विलय गरी अर्को बजेटमा कृषि, पुँजीगत लाभ र अचल सम्पत्तिमा प्रभावकारी रूपमा कर लगाउन आग्रह गरेको छ ।

आगामी आर्थिक वर्षको बजेटमा राष्ट्रिय वित्तीय ढाँचाको विकास र कार्यान्वयनसहित संघीय तथा प्रान्तीय वित्तीय उत्तरदायित्व र ऋण सीमा ऐन कार्यान्वयन गर्न विश्व बैंकले पछिल्लो नीतिगत सल्लाहमा पाकिस्तानी सरकारलाई सुझाव दिएको छ । यो प्रस्ताव अर्को अन्तर्राष्ट्रिय मुद्रा कोष कार्यक्रमको हिस्सा बन्ने अपेक्षा गरिएको छ । पाकिस्तानका अर्थमन्त्री मुहम्मद औरंगजेबले अर्को हप्ता विश्व बैंक र आइएमएफको बैठकमा वासिङ्टनमा ऋणदातासँग छलफल गर्ने छन् ।

बैंक, महासङ र एकाइहरूमा जिएसटी समन्वयमा वास्तविक प्रगति गर्न माग गरेको छ । जिएसटी पोर्टलको थालनीसहित कर प्रणालीलाई सहज बनाउन दर समन्वयतिर अघि बढाउन माग गरेको छ ।

सहरी अचल सम्पत्तिको विषयमा बैंकले मुद्रास्फीति, बिमा मूल्यांकनजस्ता आधारमा वार्षिक अद्यावधिक गर्न तथा भाडा दरहरू बराबर गर्न मूल्यांकन तालिकाहरू लागू गर्न माग गरेको छ । कृषि आयकरका लागि बैंकले सरकारलाई भूमिको परिभाषा व्यवस्थित बनाउन, जमिनको आकारका आधारमा छुटमा पुनर्विचार गर्न र बाली क्षेत्रफल वा उत्पादन अनुमानका आधारमा साझा न्यूनतम दर निर्धारण गर्न आग्रह गरेको छ । साथै, सरकारले प्रतिहेक्टर न्यूनतम दरहरू छुटचाउन सिँचाइ र निर्मित भवनहरू पनि समावेश गर्नुपर्ने जनाएको छ । *रासस/एएनआइ*


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक ३३९ चैत २५ गते २०८० मा प्रकाशित **Alpha Sigma Overseas Pvt. Ltd.** को Lot No. 303185 को **Emirates Gateway Security Services - Llc** को विज्ञापनमा **अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौँमा मितिः २०८१ वैशाख ३ गते (15 Apr. 2024)** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ ।

ALPHA SIGMA OVERSEAS PVT. LTD.
P.O.Box : 10443, Sinamangal-09, Kathmandu, Nepal
Tel : +977-1-4561946, 4561827 Fax : +977-1-4465976


## काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :२०८०/१२/२७**

यस कालिका सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व. २०७९/०८० मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको साल जातको विभिन्न ग्रेडको गोलिया थान २७ को ५१०.४० घ.फि., असना जातको बिभिन्न ग्रेडको गोलिया थान ५ को ५७.१६ घ.फि., कर्मा जातको विभिन्न ग्रेडको गोलिया थान २ को २४.२७ घ.फि., जामुन जातको गोलिया थान १ को २०.६९ घ.फि., धौटी जातको गोलिया थान २ को ६४.०२ घ.फि. र खयर जातको गोलिया थान ५३ को १३८.३० घ.फि. गोलिया काठ तथा उपरोक्त जातको मिश्रीत २.५० चट्टा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२.०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीका लागि यस समूहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ । पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री कालिका सामुदायिक वन उपभोक्ता समूह**
**मधुवन नगरपालिका-४ बसन्ता बर्दिया**

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**दोस्रोटक प्रकाशित मितिः २०८०/१२/२७**

यस कम्पनीको मिति २०८०/०६/२४ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **दि सेन्टर ओभरसिज कम्पनी प्रा.लि**. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **दि सेन्टर ओभरसिज प्रा.लि**.(परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/१२/२२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **दि सेन्टर ओभरसिज प्रा.लि**.(प्रा.लि.नं.२८७२७) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **PROWORKS RECRUITMENT SERVICES**   शहरः Abu Dhabi

पूर्व स्वीकृति मिति : २०२४/०४/०७   LT. No. 303230   चलानी नं . ६०२१८०६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 200 | 0 | 800 | २९,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौँमा मितिः २०८१ वैशाख ४ गते (16th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले   **सेवा शुल्कः** निः शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)
Sallaghari Marg, Bansbari, Kathmandu, Tel:-+977 4372262, 4375012
Email:-skypower.rec@gmail.com
श्रम ईजाजत नं. १२७५/०७४/७५

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MOHAMMED ABDULAZIZ MOHAMMED AL-ZAKRY ESTABLISHMENT FOR OPERATION AND MAINTENANCE CO**

पूर्व स्वीकृति मिति : २०८०/१२/१५   पुन विज्ञापन स्वीकृति मितिः २०८०/१२/२६   LT. No. 302649   चलानी नं.:६०२१७५०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 17 | 0 | 1200 | ४२,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **ARABICA CAFE COMPANY IS A COMPANY FOR ONE PERSON CO.**

पूर्व स्वीकृति मिति : २०८०/११/२९   पुन विज्ञापन स्वीकृति मितिः २०८०/१२/२६   LT. No. 301413   चलानी नं.:६०२१६३७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee/beverage Maker | 1 | 0 | 1500 | ५३,०१५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Mini Truck Driver | 1 | 0 | 2000 | ७०,६९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौँमा मितिः २०८१ वैशाख ३ गते (15th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले   **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RECENT JOB PLACEMENT PVT. LTD
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com
श्रम ईजाजत नं. १३१८/७४/७५

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MODA LITE INTERNATIONAL COMPANY FOR BEAUTY CENTERS AND HEALTH INSTITUTES**

पूर्व स्वीकृति मिति : २०८०/१२/२३   LT No. 303194   चलानी नं.६०२१८०३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 7 | 0 | 150 | ६५,०४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Massager | 5 | 0 | 150 | ६५,०४५ | | | | | | | |
| 3 | Pedicure & Manicare | 10 | 0 | 150 | ६५,०४५ | | | | | | | |
| 4 | Security Guard | 3 | 0 | 130 | ५६,३७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौँमा मितिः २०८१ वैशाख ३ गते (15th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले   **सेवा शुल्कः** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बदि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 303194 मितिः २०८०/१२/२६ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

SUPREME OVERSEAS PVT. LTD.
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np
श्रम ईजाजत नं. ३०१/०५९/०६०


## भीमदत्त नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०।१२।२७

यस कार्यालयबाट मिति २०८०।११।१८ गतेको मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार तपसिल बमोजिमको ठेक्काको लागि तोकिएको म्याद भित्र PPMO को eGP Portal मा दर्ता हुन आएका दरभाउपत्रहरु यस कार्यालयको बोलपत्र मूल्याङ्कन समितिले मूल्याङ्कन गरि निम्न बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भइ स्विकृतीको लागि पेश भएकोले सार्वजानिक खरिद ऐन, २०६३ (पहिलो संशोधन) को दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | कामको बिवरण | न्युनतम् मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही दरभाउपत्र | कबोल रकम (भ्याट र पि एस बाहेक) |
|---|---|---|---|---|
| १. | 27/BTRM/ 2080/081 | Road upgrading and Maintenance of various roads of Bhemdatt Municiaplity | Gyan Construction, Bheemdatt Municipality -10 | 1,00,79,481.1 |

**प्रमुख प्रशासकीय अधिकृत**


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्युनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १,३६,२०० | प्रति तोला - १,३५५५० | प्रति तोला - १,६८५ |



**महोत्सवमा आलु** | आलु गाउँका रूपमा परिचित कास्कीको पोखरा महानगरपालिका-२५ स्थित हेमजामा सोमबार आलु महोत्सवमा बिक्रीका लागि राखिएको आलुको पहाड। वैशाख ५ गतेसम्म सञ्चालन हुने आलु महोत्सवमा कास्कीको हेमजामा उत्पादित आलु प्रतिकेजी ४० रुपैयाँ बिक्री दर कायम गरिएको छ। *तस्बिर: हरिप्रसाद बास्तोला/रासस*

## ‘उद्योगमैत्री १० कानुन ल्याउने तयारीमा छौं’

■ प्रभाव संवाददाता

**काठमाडौं–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले उद्योगी व्यवसायीको रायसुझावका आधारमा १० वटा नयाँ कानुन ल्याउन प्रक्रिया अघि बढेको बताएका छन्।

नेपाल हर्ब्स तथा हर्बल उत्पादक सङ्घको १८औं वार्षिक साधारणसभाको सोमबार उद्घाटन गर्दै मन्त्री भण्डारीले आसन्न लगानी सम्मेलनअघि १० वटा कानुन ल्याउन प्रतिबद्धता व्यक्त गरे। सरकारले देशमा लगानी भित्र्याउने उद्देश्यका साथ आगामी वैशाख १६ र १७ गते तेस्रो लगानी सम्मेलन आयोजना गर्दैछ।

मुलुकको प्राकृतिक स्रोतसाधनमा आधारित उद्योगको विकास, बिस्तार एवं प्रवर्द्धनका पक्षमा रहेको सरकारले सोहीअनुसारको कानुन ल्याउने बताउँदै उद्योगमन्त्री भण्डारीले भने, ‘सरोकारवाला व्यवसायीको साथ सहयोगमा विदेशिएका नेपालीलाई स्वदेशमै ल्याई रोजगारी दिन तथा आयात न्यूनीकरणसहित निर्यात वृद्धिका पक्षमा आवश्यक नियम कानुन आएपछि जडीबुटीजन्य उद्योगको समेत विकास एवम् बिस्तार भई राष्ट्रिय अर्थतन्त्र थप चलायमान हुनेछ।’ पूर्वमन्त्री एवं हर्बल उत्पादक संघका पूर्वअध्यक्ष पार्वत गुरुङले मुलुकको भौगोलिक अवस्था र प्राकृतिक स्रोतसाधनका हिसाबले जडीबुटीजन्य उद्योगबाट देश लाभान्वित हुनसक्ने यथार्थलाई दृष्टिगत गरी सोहीअनुसारको नियम कानुन बनाउनुपर्ने धारणा व्यक्त गरे।



सङ्घका अध्यक्ष प्रेमराज तिवारीले हाल जडीबुटीजन्य उद्योगमा करिब एक हजारभन्दा बढी उद्योगी व्यवसायी आबद्ध भएको, १० लाख नेपालीले रोजगारी पाएको र रु १५ अर्ब लगानीसहित वार्षिक रु पाँच अर्बको कारोबार हुने गरेको जानकारी दिए। उक्त अवसरमा जडीबुटीजन्य व्यवसायीले लगानीमैत्री नीति, सीप विकास, जडीबुटीखेतीको बिस्तार, व्यापार मेला, प्रविधि हस्तान्तरण, अन्तर्राष्ट्रियस्तरको प्रयोगशाला, अर्गानिक प्रमाणीकरण, बजारीकरण, अनुसन्धान, विद्युतीय कारोबार, कार्गो भाडादरलगायतका व्यवसायसँग जेलिएका विषयवस्तुको ध्यानाकर्षण गर्दै लगानीमैत्री वातावरणका लागि सरकारसँग अनुरोध गरेका थिए।

नयाँ नेतृत्व चयन हुने सो साधारणसभामा सङ्घका पूर्वअध्यक्षसहित उत्कृष्ट व्यवसायीलाई सम्मानित गरिएको थियो।

साथै मन्त्री भण्डारीले आगामी आर्थिक वर्षको बजेटमा सबै प्रदेशमा बजेटको क्षेत्रीय सन्तुलन कायम गर्न आफूले पहल गर्ने प्रतिबद्धता व्यक्त समेत व्यक्त गरेका छन्।

सुदूरपश्चिमाञ्चल सरोकार मञ्चद्वारा आयोजित कार्यक्रममा उनले यसअघि सुदूपश्चिममा सधैं कम बजेट विनियोजन हुने गरेको उल्लेख गर्दै आगामी बजेटमा त्यस्तो हुन नदिनका लागि आफ्नोतर्फबाट पहल गर्ने बताएका हुन्।

सुदूरपश्चिममा समृद्धिका लागि अपार सम्भावना भए पनि तुलनात्मकरूपमा पिछडिएको उल्लेख गर्दै मन्त्री भण्डारीले त्यसका कारणको खोजी गरी समाधानमा लाग्न सबैलाई आग्रह गरे। उनले भने, ‘विगतमा यस क्षेत्रको बजेट ६/७ प्रतिशतभन्दा बढी हुन सकेन, आगामी आवमा बजेटको क्षेत्रीय सन्तुलनका लागि पहल गर्नेछु।’

सुदूरपश्चिमका पहाडी जिल्लामा रोजगारी कम हुँदा न्यून आम्दानीका लागि पनि भारत जानुपर्ने बाध्यता हटाउन आफ्नो मन्त्रालयबाट आगामी आवमा सातै जिल्लाका सम्भावना खोजी गर्ने र यस क्षेत्रका ठूला आयोजना लागू गर्न पहल गर्ने विश्वास दिलाए।

## सुनको मूल्यमा रेकर्ड ‘ब्रेक’

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली बजारमा सोमबार सुनचाँदीको मुल्य बढेको छ।

नेपाल सुन-चाँदी व्यवसायी महासंघका अनुसार सोमबार छापावाल सुन तोलामा ६०० ले बढेर एक लाख ३६ हजार २०० कायम भएको छ। यो नेपाली बजारमा अहिलेसम्मको सुनको उच्च मुल्य हो।



यसैगरी, तेजावी सुनको मूल्य तोलाको एक लाख ३५ हजार ५५० रूपैयाँ निर्धारण भएको छ। यसअघि आइतबार छापावाल सुन प्रतितोला एक लाख ३५ हजार ६०० रूपैयाँ किनबेच भएको थियो। यसैगरी, तेजावी सुनको मूल्य तोलाको एक लाख ३४ हजार ९५० रूपैयाँ निर्धारण भएको थियो।

यता, चाँदीको मुल्य पनि प्रतितोला १५ रूपैयाँले बढेर १६ सय ८५ रूपैयाँ कायम भएको छ। आइतबार चाँदीको मुल्य प्रतितोला १६ सय ७० रूपैयाँमा कारोबार भएको थियो।

# कर्पोरेट

## धरानमा स्ट्याण्डर्ड चार्टर्डको अत्याधुनिक नयाँ शाखा



**काठमाडौं (प्रस)–** स्टचाण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडले मुकुम्लुङ कम्प्लेक्स रमाइलो चोकमा नयाँ शाखा उद्‌घाटन गरेको छ। उक्त शाखाको उद्घाटन नेपाल राष्ट्र बैंक विराटनगर कार्यालयका निर्देशक इन्द्र चाम्लागाई मैनाली,भेट्रान सर्भिसेस ब्रिटीस गोर्खा नोपलका रिटायर्ड मेजर मान ब.गुरुङ र स्ट्याण्डर्ड चाटर्ड बैंकको डीसीईओ गोरख रानाले संयुक्त रूपमा गरेका हुन्।

यो नयाँ शाखाले परिष्कृत व्यक्तिगत र ग्राहक केन्द्रित अनुभवहरूको साथ बैंकिङको अन्तरक्रियात्मक रूपहरू अफर गरेको बैंकले जनाएको छ। शाखा कार्यालयमा पर्याप्त पार्किङ र एटीएम सुविधा रहेको बैंकले जनाएको छ।

यस्तै बैठक कोठा र प्रतीक्षा लाउन्ज सहित प्राथमिकता बैंकिंग ग्राहकहरू को लागी पनि व्यवस्था गरिएको छ। यो शाखा कार्यालय स्ट्यान्डर्ड चार्टर्ड बैंकको विश्वव्यापी मापदण्ड अनुसार नयाँ डिजाइनहरू गरिएको र यसले कर्मचारीहरूलाई नयाँ तरिकाले काम गर्न प्रेरित गर्ने बैंकले जनाएको छ।

## नयाँ वर्षमा बजाजको एक लाखसम्मको उपहार

**काठमाडौं (प्रस)–** बजाज मोटरसाइकलको नेपालका लागि अधिकृत वितरक हंसराज हुलासचन्द एण्ड कम्पनीले नयाँ वर्ष २०८१ को अवसरमा ‘नव आरम्भ’ योजना सार्वजनिक गरेको छ। बजाजले यस नयाँ वर्षमा ग्राहकहरूलाई विभिन्न आकर्षक छुट, उपहार र सुविधाहरू प्रदान गर्ने भएको छ।

बजाजको ‘नव आरम्भ’ योजना अन्तर्गत ग्राहकहरूले बजाजका कुनै पनि बाइक किन्दा आकर्षक छुट पाउनेछन् भने भाग्यशाली विजेताहरूले रु. १ लाखसम्मको नगद उपहार पनि जित्न सक्नेछन्। त्यसका साथै ग्राहकहरूले ३६ महिनाको इएमआई अफरमा पनि बजाज बाइक खरिद गर्न पाउनेछन् जसमा ग्राहकलाई किस्ताको रकम धेरै कम हुँन आउनेछ। त्यसैगरी ३० प्रतिशत डाउन पेमेन्टमा खरिद गर्ने विकल्प पनि ग्राहकहरूसँग उपलब्ध हुनेछ।




योजनाको बारेमा चर्चा गर्दै कम्पनीका निर्देशक अभिमन्यु गोल्छाले भने, ‘नयाँ वर्षको अवसर पारेर ग्राहकहरूका लागि यो योजना सार्वजनिक गर्न पाउँदा हामी निकै हर्षित छौं। ग्राहकवर्गको आवश्यकतालाई बुझेर हामीले यस योजनामा स्योर सट क्यास डिस्काउन्ट, कम किस्तामा इएमआई र डाउन पेमेन्टजस्ता अफरहरू लिएर आएका छौं। हामीलाई निरन्तर अपार माया प्रदान गर्नुहुने ग्राहकहरूलाई हामी बजाजको तर्फबाट नयाँ वर्ष २०८१ को शुभकामना व्यक्त गर्न चाहन्छौं।’

## नमस्ते पेको नयाँ वर्ष अफर

**काठमाडौं (प्रस)–** नमस्ते पे ले नयाँ वर्षको उपलक्ष्यमा प्लेट टिकट र इन्टरनेट बिल भुक्तानीमा आकर्षक अफर सुरु गरेको छ। नयाँ वर्षको उपलक्ष्यमा हरेक उडान टिकट खरिद तथा इन्टरनेटको बिल भुक्तानीमा आफ्ना प्रयोगकर्ताहरूका लागि नगद फिर्ता दिने नमस्ते पेले विशेष अफर सुरु गरेको हो।




यो अफर २६ चैत्र, २०८० देखि ५ वैशाख, २०८१ सम्म उपलब्ध हुनेछ। नमस्ते पे मार्फत हवाई टिकट खरिद गर्ने उडानकर्ताहरूले प्रत्येक टिकटमा तत्कालै १५० रूपैयाँ क्यासब्याक प्राप्त गरिनेछ। क्यासब्याक प्रति टिकट मान्य हुनेछ। तसर्थ उडानकर्ताहरूले जति धेरै टिकट खरिद गरिनेछ, उति नै बढी क्यासब्याक प्राप्त गर्नसकिने जनाइएको छ।

त्यसैगरी नमस्ते पे मार्फत इन्टरनेटको बिल भुक्तानी गर्ने प्रयोगकर्ताहरूले ५ प्रतिशत अथवा १०० रूपैयाँसम्मको क्यासब्याक प्राप्त गरिनेछ। यस अफर अन्तर्गत नमस्ते पे प्रयोगकर्ताहरूले उडान टिकट र इन्टरनेट बिल भुक्तानीमा क्यासब्याकको लागि योग्य हुन प्रोमोकोड प्रयोग गर्नु पर्दैन।

## हेटौंडाको गुन्द्रुकलाई सरकारी गुणस्तरको मान्यता

■ प्रभाव संवाददाता

**मनहरी (हेटौडा)–** हेटौंडामा उत्पादित गुन्द्रुकले सरकारी मान्यता प्राप्त गरेको छ। हेटौंडा-१२ घलेगाउँस्थित कञ्चनजङ्गा कृषि सहकारी संस्था लघु उद्यमी उद्योगले उत्पादन गरेको गुन्द्रुक प्रयोगका लागि सरकारी मान्यता प्राप्त भएको हो।



सो उद्योगले उत्पादन गरेको गुन्द्रुक प्रयोगका लागि उपयुक्त भएको भन्दै हेटौंडास्थित खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले सोमबार अनुज्ञा पत्र प्रदान गरेको उपमहानगरपालिकामा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो। उपमहानगरको लगानीमा सञ्चालन गरिएको तालिमबाट उद्यममा लागेको साना व्यवसायीमध्ये गुन्द्रुक उद्योगले पहिलो पटक सरकारी गुणस्तरको मान्यता प्राप्त गरेको हो।

उपमहानगर प्रमुख मीनाकुमारी लामाले यहाँ उत्पादन भएको गुन्द्रुकको बजारीकरणमा उपमहानगरपालिकाले सहयोग बताइन्। उद्यमी समूहलाई अनुज्ञा पत्र हस्तान्तरण गर्दै उनले हेटौंडा बजारसहित अन्य सम्भावना भएका क्षेत्रमा गुन्द्रुकको बजारीकरणका लागि सहयोग गर्ने प्रतिबद्धता जनाइन्। उनले पहिलो चरणमा हेटौंडा बजारमा र दोस्रो चरणमा बाहिरी जिल्लामा गुन्द्रुकको बजारीकरण गर्ने जानकारी दिइन्।

होटल व्यवसायी सङ्घ मकवानपुरका अध्यक्ष दिलिश गोविन्द जोशीले जिल्लामा मासिक एक हजार दुई सय किलो गुन्द्रुक खपत हुने गरेको बताए। उनले होटलहरूले यहीं उत्पादन भएको गुन्द्रक खपत गर्नेमा प्रतिबद्धता जनाए। ‘सरकारी मान्यता प्राप्त भएपछि हामीले गुणस्तरका विषयमा शंका गर्नु परेन। अब जिल्लाका होटलहरूमा यहाँ उत्पादित गुन्द्रक प्रयोगमा समस्या छैन’, उनले भने।

गुन्द्रुकले सरकारी मान्यता प्राप्त गरेसँगै बजारीकरणका लागि बाटो खुलेको छ। करिब चार महिना लामो अनुगमन र परीक्षणपछि खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयबाट गुन्द्रुक प्रयोगका लागि अनुज्ञा पत्र प्राप्त भएको उपमहानगरपालिका उद्योग शाखाका प्रमुख हिमप्रसाद पौडेलले जानकारी दिए।

उपमहानगरपालिकाको रु एक लाख लगानीबाट सुरु अर्ग्यानिक साग उत्पादनबाट बनाइएको गुन्द्रुकले अनुज्ञा पत्र पाउँदा आफूहरू निकै खुशी भएको उद्यमी समूहका अध्यक्ष चिनिमाया गुरुङले बताइन्। ‘उपमहानगरले हामीलाई दिएको हौसलाले अहिलेको अवस्था आएको हो। उपमहानगरको सहयोग र सहकारीको रु ८० हजार ऋणबाट १५ कठ्ठा जमिन भाडामा लिएर सागखेती गरी गुन्द्रुक उत्पादन गरिएको हो’, उनले भनिन्।

अनुज्ञा पत्रको अभावमा बजारीकरण गर्न नपाएको उनले बताइन्। ‘अनुज्ञा पत्रको अभावमा बजारीकरण गर्न नपाउँदा रु तीन लाख बराबरको गुन्द्रुक यत्तिकै थन्किएको थियो, अब सजिलो भएको छ’, उनले भनिन्। यस समूहमा हाल १२ जना छन्। समूहले गत असोजमा उपमहानगरपालिकासँग सम्झौता गरी मंसिरबाट गुन्द्रुक उत्पादन सुरु गरेको थियो। उद्योग शाखाको तथ्याङ्कअनुसार उपमहानगरले आठ सयभन्दा बढीलाई विभिन्न प्रकारका तालिम दिएपनि हाल दुई सय ६८ जना उद्यममा जोडिएको जनाएको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ